# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ५, अङ्क १८, पूर्णाङ्क २१३ | २०७६ कात्तिक ६ गते बुधबार | Wednesday, 23 Oct 2019 | www.eratokhabar.com | मूल्य रु. १०


## नेकपाका पूर्वकेन्द्रीय सदस्य गुणराज लोहनी गिरफ्तार



नेपाल कम्युनिस्ट पार्टीका पूर्वकेन्द्रीय सदस्य एवम् रातो खबर साप्ताहिकका पूर्वनिर्देशक गुणराज लोहनीलाई प्रहरीले गिरफ्तार गरेको छ । मङ्गलबार बिहान सादा पोसाकका प्रहरीले लोहनीलाई चितवनबाट गिरफ्तार गरेको जानकारी पारिवारिक स्रोतले दिएको छ।

स्वास्थ्यमा ... बाँकी पृष्ठ ७ मा

# सरकारी दमन र प्रतिबन्धबीच नेकपा केन्द्रीय समितिको बैठक सम्पन्न

## फासिवादको सशक्त प्रतिरोध गर्ने तयारी

■ अम्बिका चन्द/काठमाडौं

'आफैँलाई रूपान्तरण गर्दै पार्टीलाई शुद्धीकरण गरौं, फासिवादको प्रतिरोध गर्दै एकीकृत जनक्रान्तिलाई नयाँ उचाइमा उठाऔं' नामको राजनीतिक प्रस्ताव पारित गर्दै नेपाल कम्युनिस्ट पार्टीको आठौं पूर्ण बैठक सम्पन्न भएको छ।

बैठकको अध्यक्षता गर्दै नेकपाका महासचिव विप्लवले नेपाली राजनीतिमा पैदा भएको नयाँ क्रमभङ्ग, फड्को, एकीकृत जनक्रान्तिको गुणात्मक विकासका साथै एक दर्जनबराबर नेता-कार्यकर्ताको सहादत, सयौंको जेलजीवन र पार्टीसामु आएको गहन जिम्मेवारीको विशिष्ट परिवेशमा बैठक बस्न थालेको मन्तव्य राखेका थिए।

बैठकमा सहभागी केन्द्रीय सदस्यहरूले सामाजिक दलाल सरकारको प्रतिबन्ध, हत्या अप्रेसन, गिरफ्तारी र केही गम्भीर क्षतिका बाबजुद पार्टी जनताको बीचमा स्थापित र अनुशासित बन्दै गएको, प्रतिरोध सङ्घर्षमा जनताको साथसहयोग बढिरहेको, मित्रशक्तिहरूसँगको सहकार्य फैलिँदै गएको, जनताको आशा पार्टीतिर




बढ्दै गएको, विभिन्न पार्टीहरूबाट पार्टीमा सहभागी बन्ने प्रक्रिया चलिरहेको, नयाँ पूर्णकालीन कार्यकर्ता बढ्दै गएको, जनमुक्ति सेनामा भर्ती बढिरहेको, विभिन्न विचलनकारी प्रवृत्तिबाट पार्टी मुक्त हुँदै गएको रिपोर्टिङ गरेका थिए।

रिपोर्टका क्रममा सचिवालय सदस्यहरू प्रकाण्ड, कञ्चन र विषमले पार्टीको एकीकृत जनक्रान्तिको कार्यदिशाको वैज्ञानिकता र महत्व, पार्टीको सफलताको सम्भावना, नेतृत्वको विकास र पार्टीको क्रान्तिकारी चरित्रको महत्वका बारेमा चर्चा गरेका थिए। महासचिव विप्लवले रिपोर्टको संश्लेषण गर्दै केपी सरकारले आफ्नो पार्टीमाथि प्रतिबन्ध थोपर्दा त्यसका विरुद्ध बोल्ने, सङ्घर्षमा साथ दिने देशभित्र र देशबाहिरका सबै क्रान्तिकारी एवम् मित्रशक्तिहरूलाई धन्यवाद दिँदै भविष्यमा सहकार्यको विश्वास व्यक्त गरेका थिए।

महासचिव विप्लवद्वारा प्रस्तावित र बैठकद्वारा पारित राजनीतिक प्रतिवेदनमा राष्ट्रिय परिस्थितिमा राजनीतिक रूपले सरकारको फासिवादीकरण, फासिवादी दमन, प्रतिबन्ध, दलालीकरण, सरकारी असफलता र सङ्कट, एकीकृत जनक्रान्तिको वैज्ञानिकता, प्रतिरोध, ध्रुवीकरण, मित्रशक्तिहरूको मोर्चाबन्दीको आवश्यकता, वैज्ञानिक समाजवादको विकल्पबारे विश्लेषण गरिएको छ।

प्रतिवेदनमा 'सुखी नेपाली र समृद्ध नेपाल' को नारामा गठन भएको केपी सरकार बनेदेखि नै असफलता भोग्दै सङ्कटको चुलीमा पुगेको विश्लेषण गर्दै हाल जनता र देशको अवस्था 'दुःखी नेपाली र गरिब नेपाल' मा बदलिएको छ। यसको पछाडि मुख्य रूपले केपी सरकारको दलालीकरण फासिवादी हस्तक्षेप दोषी रहेको निष्कर्ष बाँकी पृष्ठ ७ मा

## चितवन मेडिकल कलेजको घटनाप्रति सङ्घर्ष समितिद्वारा भर्त्सना

चिकित्सा शिक्षा सङ्घर्ष समिति तथा चितवन मेडिकल कलेज, विद्यार्थी परिवारले चितवन मेडिकल कलेजमा भएको घटनाको भर्त्सना गरेका छन् । दुवै संस्थाका तर्फबाट चिकित्सा शिक्षा सङ्घर्ष समितिका संयोजक प्रकाश चन्दले विज्ञप्ति प्रकाशित गरी खेद र भर्त्सना गरेका हुन्। उनको विज्ञप्तिमा राज्यको न्यायिक निकाय, अस्पताल सञ्चालनको माफियामुखी र भ्रष्टाचार मुखी प्रणालीप्रति नागरिकको अविश्वास र राज्य र अस्पताल प्रशासन दुवै स्वास्थ्यकर्मी र नागरिकप्रति गैरजिम्मेवार बन्दै जानुको परिणामस्वरूप उक्त घटना भएको उल्लेख छ। ... बाँकी पृष्ठ ७ मा

## जनअदालतमा उपस्थित हुन जनसरकारको १५ दिने पत्र

जनपरिषद् नेपालअन्तर्गत जिल्ला जनपरिषद् अछामले राजनीतिक पूर्वाग्रहका कारण ज्यानमुदामा किटानी जाहेरी दिएका दुईजनालाई छानबिनका लागि पत्र काटेको छ।

जनपरिषद् अछामका प्रमुख निरक शाहीले असोज २८ गते पत्र काटी जिल्लाका राजबहादुर शाही र भक्तबहादुर शाहीलाई १५ दिनभित्र कार्यालयमा उपस्थित हुन उर्दी गरेका छन्।


शाहीले जारी गरेको पत्रमा भनिएको छ, '२०७६ भदौ १६ ... बाँकी पृष्ठ ७ मा

## हत्यारालाई कारबाही गर्न मानवअधिकार आयोगको सिफारिस

■ भीम प्रसाद चापागाई/काठमाडौं

राष्ट्रिय मानवअधिकार आयोगले नेपाल कम्युनिस्ट पार्टीका तत्कालीन सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेललाई प्रहरीले नियन्त्रणमा लिएर गोली हानी हत्या गरेको निष्कर्ष निकाल्दै घटनामा संलग्नलाई कारबाहीका लागि सिफारिस गरेको छ। आयोगले पौडेललाई हत्या गर्न आदेश दिने उच्च प्रहरी अधिकारीमाथि पनि छानबिन गरी कारबाही गर्न सरकारलाई निर्देशन दिएको छ।

आयोगले प्रहरीले दाबी गरेजस्तो दोहोरो भिडन्तमा वा आत्मरक्षाको स्थिति पुष्टि नभएको र घटनाको प्रकृति र सङ्कलित प्रमाणहरूका आधारमा पौडेललाई नियन्त्रणमा लिएर ९ राउन्ड गोली प्रहार गरी हत्या गरेको निष्कर्ष निकालेको हो। मानवअधिकार आयोगको सोमबार बसेको बैठकले छानबिन प्रतिवेदनका आधारमा प्रत्यक्ष घटनामा



राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)

प्रेस नोट

कुमार पौडेलको हत्या सम्बन्धमा नेपाल सरकारलाई सिफारिस ।

संलग्न प्रहरी कमान्डर प्रहरी निरीक्षक कृष्णदेवप्रसाद साह, प्रहरी हबल्दार श्रीविनोद ... बाँकी पृष्ठ ४ मा

## नेकपा नेता रणवीर असुरक्षित भएपछि गुलरिया कारागार सरुवा

■ रातोखबर संवाददाता/काठमाडौं

राजनीतिक आस्थाका कारण गत वैशाख ५ गते बाँकेको कोहलपुरबाट गिरफ्तार गरिएका नेपाल कम्युनिस्ट पार्टीका तत्कालीन पीबीएम भरत बम 'रणवीर' यतिखेर बर्दियाको गुलरिया कारागारमा छन्। ६० दिन लामो प्रहरी हिरासतपछि अदालतले नेता रणवीरलाई कारागार चलान गरेको थियो। अदालतको आदेशसँगै नेपालगन्ज कारागारमा रहेका नेता बमलाई कारागारभित्रै कुटपिट गरेको खबर बाहिरिएसँगै राजनीतिक वृत्तमा चासो बढेको थियो भने राष्ट्रिय मानवअधिकार आयोगलगायत नागरिक समाजले कारागारभित्रै बन्दी कुटपिट गर्नु गम्भीर मानवअधिकार हनन भएको भन्दै ध्यानाकर्षण भएको बताउँदै आएका थिए।



कारागारका नाइके बन्दी र कारागार प्रशासनको मिलोमतोमा कारागारमा गैरकानुनी काम भएको देखेपछि नेता बमले सुरुमा असन्तुष्टि पोखेका थिए। कारागारका जेलर भरतराज पाण्डेलगायतलाई कारागारभित्र लागूपदार्थजस्तो गम्भीर विषय जो कानुनले ... बाँकी पृष्ठ ३ मा

## नेकपाद्वारा गिरफ्तारी विरुद्ध देशभर प्रदर्शन

■ झनक श्रेष्ठ/काठमाडौं





नेपाल कम्युनिस्ट पार्टी
Communist Party of Nepal

नेपाल कम्युनिस्ट पार्टीले पार्टीका केन्द्रीय सदस्य तथा मध्यपश्चिम कमान्ड इन्चार्ज वीरजङ्ग, केन्द्रीय सदस्य सुवाससहित दुई दर्जन नेता-कार्यकर्ताहरूलाई केपी वली सरकारले गिरफ्तार गरेको विरोधमा ३ गते देशभर जुलुस प्रदर्शन गरेका समाचार प्राप्त भएका छन्।

पार्टीको ब्युरोस्तरीय बैठक तथा प्रशिक्षण सञ्चालन भइरहेको समयमा बैठकस्थल नै कब्जा गरी प्रहरीले नेकपाका नेताहरूलाई ... बाँकी पृष्ठ ४ मा

## मानवअधिकारको अवस्था चिन्तजनक : अधिकारकर्मी




■ जिपी चौलागाईं/काठमाडौं

मानवअधिकारवादीहरूले नेपालमा समयमा मानवाधिकारको अवस्था चिन्ताजनक भएको धारणा व्यक्त गरेका छन्। जनअधिकार अभियान नेपालले सोमबार आयोजना गरेको 'वर्तमान राजनीतिक परिस्थिति र मानवअधिकार' विषयक अन्तर्किया कार्यक्रमका वक्ताहरूले ... बाँकी पृष्ठ ७ मा

## वैज्ञानिक समाजवाद प्राप्तिको मार्ग

वैज्ञानिक समाजवाद प्राप्तिको मार्गबारे मार्क्सकै समयदेखि बहस हुँदै आएको हो। लेनिन–माओसम्म पुग्दा ठूलाठूला ठेलीहरू नै लेखिएका छन्। नेपालमै पनि पुँजीवाद–दलाल पुँजीवादलाई फाल्ने सन्दर्भमा सङ्घर्षको बाटोबारे निकै छलफल र बहस भएर मात्र जनयुद्ध सुरु भएको छ। शान्तिकालमा प्रचण्ड–बाबुरामहरूको विचलन देखापरिसकेपछि चलेको तिखो एवम् जोडदार दुई लाइन सङ्घर्ष, उनीहरूविरुद्धको विद्रोह र पार्टी पुनर्गठनको पहल हुनुका पछाडिका कारण पनि यो नै थियो। यसरी हेर्दा यो विषय क्रान्तिकारी कम्युनिस्ट आन्दोलनका लागि नयाँ नभएकाले धैरै लामो चर्चा पनि जरुरी देखिँदैन। तर केपी ओलीमाथि जनयुद्धबाट आएका प्रचण्डहरू थपिएर संसद्बाट शान्तिपूर्ण तरिकाले समाजवाद आउने हल्ला गरेपछि छोटोमोटो चर्चा आवश्यक भएको छ।

वैज्ञानिक समाजवादी–साम्यवादी युग पुँजीवादी युगपछिको अनिवार्य युग हो भन्नेमा कुनै विवाद छैन। यहाँ चर्चा गर्नुपर्ने विषय केवल आजसम्म पृथ्वीका अर्बौं श्रमिक जनताको दुर्भाग्य बनेर बसेको लुटेरा पुँजीवादी सत्तालाई स्वस्फूर्तताको विकास हुने स्वपतनको साटो आजैको मितिदेखि कसरी मिल्काउन सकिन्छ र त्यसका लागि कस्तो पहल आवश्यक पर्छ भन्ने मात्र हो।

पुँजीवादी उत्पीडन र लूटलाई फालेर वैज्ञानिक समाजवाद ल्याउने विषयमा चर्चा गर्दै मार्क्स–एङ्गेल्सले सन् १८४८ को आफ्नो सुविख्यात कृति कम्युनिस्ट घोषणापत्रमा उल्लेख गर्नुभयो, 'सर्वहारावर्गको विकासका सबैभन्दा सामान्य अवस्थाहरूको वर्णन गरेर हामीले आधुनिक समाजभित्र कम या बेसी छद्म रूपमा रहेको गृहयुद्धलाई त्यो स्थानसम्म हेर्दै गयौं जहाँ त्यो खुलमखुला क्रान्तिमा परिणत हुन्छ र सर्वहारा वर्गले पुँजीपति वर्गलाई बलप्रयोगद्वारा हटाएर आफ्नो सत्ता कायम गर्छ।'

मार्क्स-एङ्गेल्स, कम्युनिस्ट घोषणापत्र, पुँजीपति वर्ग र सर्वहारा वर्ग, पृष्ठ ८९।

यो बहसलाई लेनिनले अरू स्पष्ट गर्दै भन्नुभयो, 'सशस्त्र क्रान्तिबेगर सर्वहारा राज्यद्वारा पुँजीवादी राज्यलाई स्थानापन्न गर्न सकिँदैन।'

राज्य र क्रान्ति, लेनिन, वर्गविभाजित समाज र राज्य, पृष्ठ २३।

### देश/परिवेश

■ नेत्रविक्रम चन्द 'विप्लव'



तिनै विचारलाई जोड दिँदै माओले भन्नुभयो, 'मजदुर आन्दोलनको समग्र इतिहासले के बताउँछ भने सशस्त्र सङ्घर्षलाई सर्वहारा क्रान्तिको सार्वभौमिक नियम मान्नु वा नमान्नु, पुरानो राज्ययन्त्रलाई चकनाचुर पार्नुपर्ने आवश्यकता स्वीकार गर्नु वा नगर्नु तथा पुँजीवादी अधिनायकत्वको ठाउँमा सर्वहारा अधिनायकत्व स्थापित गर्नुपर्ने आवश्यकता ...क्रमशः पृष्ठ ३ मा

## सम्पादकीय

# नेकपाको ऐतिहासिक आठौँ बैठक

केपी वली नेतृत्वको सरकारले आफ्नै संविधानले गरेको प्रत्याभूतिसमेत लत्याउँदै नेकपामाथि लगाएको प्रतिबन्ध खारेज गर्दै नेकपाले ऐतिहासिक आठौँ बैठक सम्पन्न गरेको छ। राष्ट्रघात, जनघात, भ्रष्टाचार, तस्करी, घूसखोरी, लूटतन्त्र मच्चाएर देश र जनतामाथि व्यभिचार लादिरहेको सरकारले उल्टै सत्य, न्याय र मुक्तिका लागि सङ्घर्ष गरिरहेको नेकपाका राजनीतिक गतिविधिमाथि प्रतिबन्ध लगाएर निस्फिक्री फासिवाद लाद्ने हर्कत गरिरहेको थियो तर वली सरकारको फासिवादी हर्कतलाई सीधा चुनौती दिँदै नेकपाले केन्द्रीय समितिको पूर्ण बैठक बसेर नयाँ कार्यक्रमहरूसमेत अघि सारेको छ।

वली सरकार जनघाती भएको पछिल्लो प्रमाण राष्ट्रिय मानवअधिकार आयोगले नेकपाका जनप्रिय नेता कुमार पौडेलको हत्या नै गरिएको हो भन्ने प्रमाणसहितको प्रतिवेदन हो । अत्याचारी-फासिवादी वली सरकार र कुमार पौडेल कथित दोहोरो भिडन्तमै मारिएका हुन् भनेर हजारपटक गोयबल्स शैलीमा फलाक्ने वलीका गृहमन्त्री रामबहादुर थापाहरू अब के गर्छन् होला, प्रतीक्षाको विषय छ तर बैठकले सहिद नीरकुमार राई 'सुप्रिम', गोकुल राना ' महान', रामकुमार श्रेष्ठ, सनराइज, धनराज बटालालगायत एकीकृत जनक्रान्तिमा बलिदान गर्ने र महन् जनयुद्धमा उत्सर्ग प्राप्त गर्ने सबै सहिदहरूको रगतको शपथ खाँदै अत्याचारी शासनलाई खरानी पार्ने उद्घोष गरेबाट सामाजिक दलाल पार्टीहरू र तिनीहरूको गठबन्धनबाट बनेको फासिवादी सरकारको निद्रा र चैन कम हुँदै गएको अनुमान गर्न सकिन्छ।

बैठकले 'सामाजिक दलाल सरकारको प्रतिबन्ध, हत्या, अप्रेसन, गिरफ्तारी र केही गम्भीर क्षतिका बाबजुद पार्टी जनताका बीचमा स्थापित र अनुशासित बन्दै गएको, प्रतिरोध सङ्घर्षमा जनताको साथसहयोग बढिरहेको, मित्रशक्तिहरूसँगको सहकार्य फैलिँदै गएको, जनताको आशा पार्टीतिर बढ्दै गएको, विभिन्न पार्टीहरूबाट पार्टीमा सहभागी बन्ने प्रक्रिया चलिरहेको, नयाँ पूर्णकालीन कार्यकर्ता बढ्दै गएको, जनमुक्ति सेनामा भर्ती बढिरहेको, विभिन्न विचलनकारी प्रवृत्तिबाट पार्टी मुक्त हुँदै गएको' संश्लेषण गर्नुले वली सरकारले नेकपामाथि लगाएको प्रतिबन्ध बिस्तारै हावा खुस्किएको बेलुनजस्तै बनिरहेको देखिन्छ । बैठकले 'आफैँलाई रूपान्तरण गर्दै पार्टीलाई शुद्धीकरण गरौँ, फासिवादको प्रतिरोध गर्दै एकीकृत जनक्रान्तिलाई नयाँ उचाइमा उठाऔँ' शीर्षकमा पारित गरेको महासचिव कमरेड विप्लवद्वारा प्रस्तुत राजनीतिक प्रस्ताव र प्रतिवेदन एकमतले पारित गर्दै राजनीतिक रूपले केपी सरकारको फासिवादीकरण, फासिवादी दमन, प्रतिबन्ध, दलालीकरण, सरकारी असफलता र सङ्कट, एकीकृत जनक्रान्तिले वैज्ञानिक ढङ्गले प्रतिरोध गर्दै ध्रुवीकरण र मित्रशक्तिहरूको मोर्चाबन्दीमा जोड दिएको छ। वली सरकारको दलालीकरणका कारण नेपालको स्वाधीनता र सार्वभौमिकता दिनप्रतिदिन सङ्कटमा पर्दै गएको र फासिवादी हस्तक्षेपका कारण जनताका राजनीतिक, मौलिक अधिकारहरू समाप्त हुँदै गएको निष्कर्ष बैठकले निकालेको छ। सरकार राष्ट्रघात, एनसेलकाण्ड, ठूलो जहाजकाण्ड, सुनकाण्ड, ललिता निवासकाण्ड, चिनीकाण्ड, अनेकौँ हत्याकाण्ड, गोलीकाण्ड, गैरकानुनी गिरफ्तारी जेल-हिरासत, बूढीगण्डकीकाण्ड, बलात्कारकाण्ड, अनगिन्ती भ्रष्टाचार, भूमाफिया, मानवतस्करी, मेडिकल माफिया, कालोबजारीलगायत असत्य अपराधमा चुर्लुम्म डुब्न पुगेकाले राजनीतिमा दलालीकरण र फासिवादी दमनको भण्डाफोर र प्रतिरोध गर्नुपर्ने बैठकको निष्कर्ष छ। यसका लागि सबै देशभक्त, वामपन्थी क्रान्तिकारी मित्र शक्तिहरूसँग दलालीकरण तथा फासिवादीका विरुद्ध कार्यगत एकता र संयुक्त मोर्चा गरेर राजनीतिक संयुक्त सङ्घर्ष अगाडि बढाउन चौतर्फी संवाद र वार्ता गर्ने र कार्यक्रमहरू सञ्चालन गर्ने निर्णय लिएकाले अब जनसङ्घर्ष अझै सशक्त अघि बढ्ने र दलाल सरकारका साथै दलाल व्यवस्था धराशयी हुने सुनिश्चितता बढेको छ।

बैठकले  वली सरकार राजनीतिक रूपले असफल हुँदै गएकाले यसको विकल्पका रूपमा अनेकौँ चर्चा र विश्लेषणहरू भइरहेको अवस्थामा नेपाली जनताले अनेकौँ सङ्घर्ष, क्रान्ति, जनयुद्ध र बलिदान गर्दै यहाँसम्म अभ्यास गरेका र प्रयोगमा पूर्णतः असफल साबित भएका कुनै पनि शक्ति र व्यवस्था सही निकास हुन नसक्ने र यसको वैज्ञानिक समाधान भनेको वैज्ञानिक समाजवादी व्यवस्था मात्र हुनसक्ने निष्कर्ष प्रस्तुत गरेको छ । सरकारको सामाजिक फासिवाद र दलालीकरणका विरुद्ध मोर्चा बन्नु र देशलाई जनवादी राजनीतिक अधिकार एवम् स्वाधीनताको धारमा उभ्याउनु आजको प्रमुख आवश्यकता बनेको निष्कर्ष निकालेर नेकपाले अब सामाजिक फासिवादका विरुद्ध व्यापक र निर्णायक सङ्घर्ष उठ्ने सङ्केत पनि गरेको छ। यसरी नेकपाको ऐतिहासिक आठौँ पूर्ण बैठकले शोषण, दमन, अत्याचार, हत्या र आतङ्कमा टिकेको दलाल राज्यसत्ताको एउटा भरपर्दो विकल्प प्रस्तुत गरेर श्रमिक जनतामा एउटा नयाँ आशा जगाएको छ।

## लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# कोसीको कहर

*sf]l pRraf}Fwsf ljifodf gk]fndf gk]fn–ef/t ;+oQm sfof{no vln;s]sf]eP klg gLltut tof/L zGo 5 . ef/t eg]uDeL/ tof/Ldf 5 . ;'/Iff Joj:yfkg s;/L ug{< s;sf]lgoGq0fdf xg]< kf|jlws If]qdf ;fdflhs dfgj s;/L ;Daf]wg ug{< lgdf{0f / ;~rfngdf cfpg ;Sg]k|ltsh'tfsf];fdgf s;/L ug{< To; ljifodf uDeL/ ax; ePsf]b]vGg .*



**अनिल शर्मा 'विरही'**

**(क) पृष्ठभूमि**

भारत सरकार र नेपालका बीचमा वि.सं. २०११ वैशाख ११ गते (तदनुसार २५ अप्रिल १९५४) मा कोसी बाँध योजना सम्झौता भएको थियो । श्री ३ मोहनशमशेरको शासनकालमा वि.सं. २००२ मा नेपाल सरकारले भारतलाई सो बाँधका लागि हरियो बत्ती बालिदिएको थियो । नेपालसँग औपचारिक सन्धिसम्झौता नभएको अवस्थामा वि.सं. २००३ माघ २८ गते कोसी बाँधको योजना भारत सरकारले आफ्नो संसद्मा पेस गऱ्यो। कोसी बाँधको प्रारम्भिक काम राणा सरकारले सुरु गऱ्यो; सम्झौताप्रक्रिया काङ्ग्रेस सरकारले गऱ्यो भने लालमोहर राजा त्रिभुवनले लगाएका थिए । तसर्थ कोसी सम्झौतामा राणा, राजा र काङ्ग्रेस संलग्न थिए।

**(ख) कोसी सम्झौताको प्रभाव**

कोसी सम्झौताको तत्कालीन नेपाल कम्युनिस्ट पार्टीले विरोध गऱ्यो । काङ्ग्रेसका नेता गणेशमान सिंहले 'कोसी योजनामा हस्ताक्षर गर्नु देशलाई डुबाउनु हो' भनेका थिए । असार २० गते भारत, पटनाको एक कार्यक्रममा बीपी कोइरालाले 'जहाँसम्म कोसी सम्झौताको प्रश्न छ, संसारका कुनै व्यक्तिले यस्तो बाँधको विरोध गर्ला जसले नेपाल तथा भारत दुवैलाई फाइदा छ । म यहाँसम्म भन्न तयार छु कि यदि यो बाँधले नेपाललाई हानि पुऱ्याई केवल भारतलाई मात्र लाभ हुन्छ भने पनि कोही बुद्धिमान मान्छेले यसको विरोध गर्नेछैन'१ भनेका थिए। कोइरालाभन्दा अझ अगाडि बढेर काङ्ग्रेस नेता सूर्यप्रसाद उपाध्यायले माघ ११ गते कोसी सम्झौता नेपालका लागि 'स्थायी वरदान हुने' दाबी गरेका थिए। कोसी सम्झौताको व्यापक विरोध हुँदै गएको र तथ्यहरू बाहिरिन थालेपछि बीपी कोइरालाले पूर्वअडानमा पुनर्विचार गर्न थालेको देखिन्छ । कोइरालाले ' कोसी बाँधका गुनासाहरूमा तथ्य पनि छ। प्राविधिक दृष्टिले बाँध केही उत्तरतर्फ भएको भए बेस हुन्थ्यो' भनेका थिए । ' आची गऱ्यो, दैलो देख्यो' भन्ने उखानजस्तै थियो कोइरालाको स्विकारोक्ति । त्यसबेला राष्ट्रवाणी साप्ताहिकले कोसी बाँध राष्ट्रघात भएको भन्दै जनमत निर्माण गरेको थियो। सम्झौतामा प्रयोग गरिएको भाषाले नेपाललाई सार्वभौम मुलुक अस्वीकार गरेको अखबारको दाबी थियो । कोसी सम्झौता भएको एक दिनपछि मुम्बईमा 'फ्रि प्रेस' मा भारतीय लोकसभाका उपाध्यक्ष अनन्तशयनम् आयन्गरले नेपाल, भुटान र सिक्किमलाई भारतमा गाभ्न अपिल गरे । जेठ १५ गते भारतीय शिष्टमण्डल नेपाल आउँदा अतिथिलाई गन्तव्यसम्म पुऱ्याउन अश्रुग्याँस हान्नु पऱ्यो । व्यापक विरोध भयो । प्रतिनिधिमण्डलले विज्ञप्ति दिन सकेन बरु सरकारी उद्देश्य नभएको भन्दै स्पष्टीकरण दियो । कोसी बाँधको आक्रोशसमेत जनआक्रोशको कारण थियो। जेठ १८ गते बीपी कोइरालाद्वारा जारी विज्ञप्तिमा भनिएको थियो, ' भारतविरुद्ध नेपाली जनतामा प्रशस्त रोष छ। यसको कारण भारतले नेपालको आन्तरिक मामलामा हस्तक्षेप गर्नु हो भनिन्छ । कोसी सम्झौता, भारतीय सैनिक मिसन तथा नेपालमा हाल रहेका अनेकन भारतीय सल्लाहकार, व्यापार सन्धि इत्यादिले राष्ट्रिय भावनामाथि आघात तुल्याएको छ । गौचरकाण्ड कुनै सङ्गठित घटना होइन र जनताको भावनाको स्पष्ट उद्गार हो। म स्वीकार गर्छु; यो घटना दुर्भाग्यपूर्ण हो तर यसको सत्यलाई अस्वीकार पनि गर्न सकिन्न।'३ पाँच दशकअगाडि कोसी सम्झौताका विरुद्ध काठमाडौँसहित देशव्यापी विरोध भएको थियो । त्यसयता लगातार कोसी सम्झौताका विरुद्ध जनप्रतिरोध जारी छ। बाढी र कटानका समस्याहरू थपिएका छन् । तर भारतले मुआब्जासमेत दिएको छैन । कोसी सम्झौताले नेपाली समाज र राजनीतिक वातावरण प्रभावित भई आएको छ।

**(ग) बहसमा कोसी उच्चबाँध**

भारत सरकारले कोसी उच्चबाँध निर्माणका लागि आर्थिक वर्ष २०७६/०७७ मा ७ अर्ब बजेट विनियोजन गरेको छ जसबाट ३ हजार ३ सय मेगावाट विद्युत् उत्पादन गर्न सकिने अनुमान छ। १ किमि लामो र २६९ मिटर अग्लो बाँध निर्माण गरिने प्रारम्भिक तयारी छ। कोसी उच्चबाँधसहित कमला-सुनकोसी डाइभर्सनसहित निर्माण गर्ने भारतीय प्रस्ताव छ। कमला-सुनकोसी डाइभर्सनका लागि आ.व. २०७६ मा नेपाल सरकारले २ अर्ब ५ करोड विनियोजन गरिसकेको छ। कोसी उच्चबाँधको बहससँगै नेपाल उच्च भूकम्पीय जोखिम भएको, चलायमान भूगर्भ, कमजोर तथा ठाडा पहाड भएकाले बाढी र पहिरो जाने स्थान भएकाले उच्चबाँध उपयुक्त नहुने बहस पनि भएको छ । नेपालमा ८० देखि १०० वर्षको बीचमा लगातार महाभूकम्प आउने र बीचबीचमा साना तथा मझौला भूकम्प जाने गरेका छन् । २०४५ सालमा पूर्वी नेपालमा गएको मझौला भूकम्प र २०७२ को विनासकारी भूकम्प स्मरणीय छन् । टेथितसागरको कथाअनुसार नेपालको महाभारत शृङ्खला विश्वकै कान्छो पहाड भएकाले यसको बनोट अझै कमजोर छ। कोसी उच्चबाँधको सम्झौता १ सय वर्ष गर्ने हो भने उक्त बाँधले एउटा ठूलो र दुईवटा मझौला भूकम्पको सामना गर्नुपर्ने हुन्छ।

कोसी उच्चबाँधका विषयमा नेपालमा नेपाल-भारत संयुक्त कार्यालय खुलिसकेको भए पनि नीतिगत तयारी शून्य छ । भारत भने गम्भीर तयारीमा छ । सुरक्षा व्यवस्थापन कसरी गर्ने ? कसको नियन्त्रणमा हुने ? प्राविधिक क्षेत्रमा सामाजिक मानव कसरी सम्बोधन गर्ने ? निर्माण र सञ्चालनमा आउन सक्ने प्रतिकूलताको सामना कसरी गर्ने ? त्यस विषयमा गम्भीर बहस भएको देखिन्न । आयोजना निर्माण अवधि र सञ्चालनको प्रक्रियामा प्रतिकूलताको सामना गर्न निरन्तर सुधार र सहकार्य आवश्यक हुन्छ। अन्यथा कोसी उच्चबाँधमा पनि गण्डक र कोसी बाँधकै समस्या बल्झिनेछ।

**(घ) विश्वमा ठूला बाँध र समस्या**

ठूला बाँधहरूका कारण विश्वमा विकास मात्र भएको छैन । २०७५ मा लाओसमा अन्तिम चरणमा पुग्दै गर्दा बाँध फुटेर ३५ जनाको मृत्यु भएको थियो भने सयौँजना बेपत्ता भएका थिए। ६ हजारभन्दा बढी स्थानीय नागरिक विस्थापित भएका थिए । त्यसको दुष्प्रभाव ब्राजिलमा खानी उत्खननका क्रममा बाँध भत्किँदा २५० जनाको मृत्यु भएको थियो । सन् १८८९ मा अमेरिकाको पेन्सेल्भेनियामा २२ मिटर अग्लो 'साउथ फोक' नामक बाँध भत्किँदा २ हजार २ सय जनाको मृत्यु भएथ्यो। यस्ता नकारात्मक अनुभव हेर्दै जाने हो भने क्यानाडामा सन् १९७६ मा बाढीले ८ वटा बाँध भत्किँदा ७ जनाको मृत्यु भएको र ठूलो धन गुमेको थियो। त्यसैगरी सन् २०१५ मा ब्राजिलको फोन्डाओ बाँध फुट्दा २० जनाको ज्यान गएको थियो । उक्त दुर्घटनाको दोषी ठहर गर्दै निर्माण कम्पनीलाई ५० बिलियन डलर क्षतिपूर्ति तिराइएको थियो । कोसी उच्चबाँधका सन्दर्भमा क्षति न्यूनीकरण र दुर्घटना भएमा क्षतिपूर्ति कसले भराउने भन्ने बहस नै देखिन्न४ जसरी गण्डक र कोसी बाँध सम्झौतामा भएको देखिन्न । कार्यान्वयनको पाटो त अलग्गै छलफलको विषय छ।

**(ङ) नेपालमा बाँध दुर्घटनाको अनुभव**

नेपालमा साना बाँध तथा जलाशययुक्त बाँधको अनुभव पनि मननयोग्य छ। २०५१ सालमा कुलेखानी बाँध 'भत्किँदा' राप्ती नदीमा आएको बाढीले पूर्वी चितवनमा ठूलो धनजनको क्षति भएको थियो । २०७२ सालको भूकम्पले माथिल्लो कुलेखानी, भोटेकोसी, सुनकोसी, माथिल्लो त्रिशूलीमा सामान्य क्षति पुगेको अनुभव छ। त्यस्तो अवस्थामा हिमतालहरू फुटे भने उच्चबाँधहरूको दुर्दशा कस्तो होला ? मननीय छ। २०६९ वैशाखमा अन्नपूर्ण हिमशृङ्खलाबाट आएको हिमपहिरोका कारण सेती नदीले व्यापक क्षति पुऱ्याएको जगजाहेर छ । २०७६ सालमा लमजुङको दोर्दी खोलामा बाढी आउँदा 'लिबर्टी जलविद्युत् आयोजना' मा क्षति भएर मजदुरसमेतको ज्यान गएको थियो । २०३९ सालमा सिन्धुपाल्चोक बलेफीखोलामा पहिरोले बनाएको ताल फुट्दा १५ घर बगाएको र ९७ जनाको ज्यान गएको थियो। २०४५ सालमा म्याग्दी खोलाको बाढी निर्मित ताल फुट्दा ९४ घर बगाएको र १०९ जनाको ज्यान गएको थियो। २०५३ सालमा सिन्धुपाल्चोक लार्चाखोलाको ताल फुट्दा ५४ जनाको मृत्यु र १८ घर बाढीले बगाएको थियो। २०७१ सालमा सिन्धुपाल्चोक, जुरे पहिरोले सुनकोसी नदीको बहाव अवरुद्ध गरी निर्मित ताल फुट्दा सुनकोसी जलविद्युत् आयोजनामा क्षति पुगेको थियो। उक्त आयोजना 'रन टु रिभर' शैलीको भएकाले क्षति कम भएको थियो तर जलाशययुक्त भएको भए भयावह परिणाम आउन सक्थ्यो।

**(च) ठूला बाँधका फाइदा र बेफाइदा**

ठूला जलाशययुक्त आयोजनाका बेफाइदा मात्र छैनन् । यसको चुनौती र सम्भाव्य दुर्घटना रोक्ने, न्यूनीकरण गर्ने र दुर्घटना भए थेग्न सक्ने क्षमता राज्यसँग छ कि छैन ? मुख्य प्रश्न हो। ठूला जलाशययुक्त बाँध निर्माण गर्दा निम्नप्रकारका फाइदाहरू हुन सक्छन् -

१) जल संरक्षण
२) विद्युत् आयोजना बन्नसक्ने
३) बाढी नियन्त्रण
४) जलक्रीडा, पर्यटन व्यवसाय
५) जलचरको वासस्थान बन्ने
६) मत्स्यपालन व्यवसाय
७) सिँचाइ
८) पर्यावरणमा सकारात्मक प्रभाव

ठूला जलाशययुक्त आयोजनाका बेफाइदाहरू पनि कम छैनन् । आजभोलि गोरखा र धादिङको सिमानामा रहेको बूढीगण्डकी जलाशययुक्त आयोजनाको बहस भइरहेको छ जसको २६३ मिटर अग्लो बाँधमा ४ हजार ४ सय ६७ घनमिटर पानी जम्मा हुन्छ। त्यो भनेको फेवातालको भन्दा बढी पानी जम्मा हुनेछ । २०६५ सालमा कोसी बाँधको पूर्वी तटबन्ध (स्पर) भत्किँदा कोसीबाँध भत्केर भयावह क्षति पुगेको थियो। त्यस दुर्घटनाको अझै समाधान भएको छैन।

ठूला बाँधका बेफाइदा
१) बाँध फुट्ने जोखिम
२) सुरक्षा चुनौती
३) पुनर्बासको समस्या
४) परम्परागत व्यवसायको विस्थापन
५) ऋणको कारण स्वतन्त्रतामै चुनौती
६) डुबान र कटानको समस्या
७) नीतिगत समस्या
८) मर्मतसम्भारको चुनौती
९) भूकम्पीय जोखिम
१०) हिमताल फुट्ने चुनौती


**निष्कर्ष**

नेपालमा उच्चबाँध निर्माणमा भारत सरकारको विशेष रुचि रहँदै आएको छ। कोसी उच्चबाँध भारतको बिहार राज्यमा सिँचाइ गर्न र बिहारमा कोसी नदीको बाढी नियन्त्रण गर्न निर्माण गर्न चाहेको बुझ्न गाह्रो छैन । कोसी नदीलाई 'बिहारको दुःख' उपमा दिइन्छ। कोसी र गण्डक बाँध जसरी नै कोसी उच्चबाँधमा पनि भारतको भूमिका नेपाललाई चौतर्फी ठग्ने र फाइदा मुठ्याउने हुनसक्छ । अनुभवहरूले त्यसै भन्छन् । कोसी र गण्डक बाँध योजनाका पीडितले पाउनुपर्ने ४ अर्बभन्दा बढी मुआब्जा र क्षतिपूर्ति अझसम्म पाएका छैनन् । २०७५ साउन ३२ देखि ६५ वर्षअघि सम्पन्न कोसी सम्झौताका प्रावधानहरू लागू गर्न माग गर्दै उदयपुर, सुनसरी र सप्तरीका जनता आन्दोलनमा उत्रिए। 'कोसी नदी कटान-डुबान पीडित सङ्घर्ष समिति' ले कोसी बाँध बनेको ६५ वर्षपछि पनि सम्झौता कार्यान्वयनको माग गर्दै आन्दोलनमा उत्रनु परेको छ। २०६५ सालमा कोसीको पूर्वी तटस्थित ०५-०२-१३-२६ नम्बरको तटबन्ध (स्पर) भत्किँदा ठूलो क्षति पुगेको थियो। भारतले राहत तथा क्षतिपूर्तिबापत दिने भनेको ८० करोड भारु अझै उपलब्ध गराएको छैन। यस्तो अवस्थामा कोसी बाँध र गण्डक बाँध सम्झौताको सिंहावलोकन टुङ्गो लगाएपछि मात्र कोसी उच्चबाँधको बहस गर्नुपर्छ। कोसीको कहर समाधान नगरीकन थप कहर थोपर्नु थप राष्ट्रघात र बर्बादी हुनेछ।

**सन्दर्भ सामग्री**


१) नेपालको राजनीतिक दर्पण, पृष्ठ २४६, गृष्मबहादुर देवकोटा
२) राष्ट्रवाणी साप्ताहिक, २०११ वैशाख २०
३) नेपालको राजनीतिक दर्पण, पृष्ठ २५२, गृष्मबहादुर देवकोटा
४) नेपाल-भारत-चीन सन्धि, मधुवन प्रकाशन, काठमाडौँ
५) रातो सुखानी, अङ्क ३ २०७६ असोज २०





पृष्ठ १ बाट क्रमशः

# वैज्ञानिक समाजवाद प्राप्तिको मार्ग

मान्नु वा नमान्नु सधैँ मार्क्सवाद–लेनिनवाद तथा अवसरवादहरूका सबै रूपहरूका बीचको विभाजनरेखा हो ।'

माओ, भाग ५, चिनियाँ कम्युनिस्ट पार्टीको आठौँ केन्द्रीय समितिको दोस्रो पूर्ण अधिवेशनमा दिइएको भाषण, १५ नोभेम्बर १९५६, पृष्ठ २७४ ।

सर्वहारा सत्ता प्राप्तिबारे मार्क्स–एङ्गेल्स–लेनिन–माओले व्यक्त गर्नुभएका धारणा र विचारहरूले कुनै द्विविधाबिना प्रस्ट पारेका छन्- लुटेरा पुँजीवादी सत्तालाई मिल्काएर वैज्ञानिक समाजवादी सत्ता प्राप्त गर्ने मार्ग भनेको सर्वहारावर्गले प्रयोग गर्नुपर्ने बल प्रयोगको मार्ग नै हो । उहाँहरूले यी विचारसँग गर्नुभएका लामालामा विश्लेषणहरूले देखाउँछन् बल प्रयोगको मार्ग सर्वहारा वर्गको मनोगत चाहना नभएर वर्गउत्पीडनकारी समाज, राज्यसत्ता र प्रवृत्तिहरूका कारणले पैदा हुने अनिवार्य परिणाम हो । यसलाई जसले सही तरिकाले पकड्न सक्दैन वस्तुतः यसले समाजलाई क्रान्तिकारी परिवर्तन दिन पनि सक्दैन । अपसोच ! मालेमावादी दृष्टिकोण यति प्रस्ट हुँदाहुँदै पनि विभिन्न समयमा कम्युनिस्ट आन्दोलनमा गलत प्रवृत्तिहरूले अनेकौँ खालका अवस्तुवादी र विचलनकारी तर्कहरू तेर्स्याएर समस्याहरू ल्याउने गरेका छन् ।

मार्क्स–एङ्गेल्सको निधनपछि बर्नस्टिनहरूले मार्क्सकै नाममा राजनीतिक परिस्थिति बदलिएको तर्क गर्दै समाजवादका लागि सङ्घर्ष, क्रान्ति र बलप्रयोग आवश्यक नरहेको धारणा ल्याए । उनले बल प्रयोगको सट्टा संसद्बाट शान्तिपूर्ण तरिकाले समाजवाद प्राप्त गर्न सकिने विचार राखे । उनको संसद्वादी विचारबाट समाजवादी आन्दोलनको एउटा अवसरवादी हिस्सा प्रभावित बन्यो र पुँजीवादी संसद् र सरकारमा सहभागी बन्न पुग्यो । उदाहरणका लागि फ्रान्सको मिलेराँ, जर्मनीको सिदेमन, नोस्के, रुसका मार्तोभहरू, हल्यान्डका टोएल्स्ट्राहरूलाई लिन सकिन्छ । संशोधनवादको यो धारामा पछि दोस्रो अन्तर ष्ट्रिका नेता कार्ल काउत्स्कीहरू पनि सामेल हुन पुगे । संशोधनवादीहरू संसद् र सरकारमा पुगेपछि समाजवाद ल्याउने त कुरै छोडौँ मजदुर वर्ग र क्रान्तिकारी कम्युनिस्टहरूमाथि रक्तपातपूर्ण दमन गर्न पुगे । उनीहरू पुँजीवादी तत्त्वहरूसँगै सत्ताको कुर्चीमा उसैको हतियार बन्दै सर्वहारा वर्गलाई निर्ममतापूर्वक हमला गरे । तर लेनिनले यो सोचविचार र प्रवृत्तिलाई मार्क्सवादमाथि गरिएको भयानक गद्दारी भन्दै संशोधनवादको संज्ञा दिनुभयो । साथै यसका विरुद्ध भीषण सङ्घर्ष सञ्चालन गर्नुभयो । पछि लेनिनको संशोधनवादविरोधी सङ्घर्षमा अन्य देशका क्रान्तिकारीहरू पनि सहभागी भए र संशोधनवादलाई नाङ्गेभार पार्न सहयोग गरे । अन्ततः सङ्घर्षमा लेनिन नै सही साबित हुनुभयो । पुँजीवादी संसद्बाट समाजवाद ल्याउँछौँ भन्ने संशोधनवादीहरू एउटै देशमा पनि सफल हुन सकेनन् । लेनिनको नेतृत्वमा सन् १९१७ को अक्टोबरमा महान् समाजवादी क्रान्ति सफल भयो । त्यसपछि विश्व कम्युनिस्ट आन्दोलनमा मार्क्सवादी–लेनिनवादी विचार हाबी हुन पुग्यो ।

लेनिन–स्टालिनको निधनपछि कम्युनिस्ट आन्दोलनमा नयाँ परिस्थितिको तर्क पेस गर्दै पुनः संशोधनवादी, संसद्वादी, सुधारवादी विचार दुर्गन्धी हावा चलाउँदै देखापर्‍यो । यसपटक यो विचारको नेतृत्व अन्यत्रबाट नभएर लेनिन–स्टालिनले क्रान्तिद्वारा वैज्ञानिक समाजवाद स्थापना गरेको महान् समाजवादी देश रुसका नेता ख्रुस्चोभले गर्न पुगे । उनले सन् १९५६ मा सम्पन्न रुसी कम्युनिस्ट पार्टीको बीसौँ महाधिवेशनबाट विश्व राजनीतिक वस्तुस्थिति मुख्यतः अणु बमको विकासले गर्दा नितान्त नयाँ भएको तर्क गरे । ख्रुस्चोभले अणु बमको विकासका कारण कुनै पनि राज्यका विरुद्ध बल प्रयोग धेरै नै चुनौतीपूर्ण भएको भन्दै पुँजीवादबाट समाजवादमा क्रान्तिको सट्टा शान्तिपूर्ण रूपले संसद्बाट समाजवाद प्राप्त गर्न सकिने तर्क अगाडि सारे । उनले समाजवादसँग सम्बन्धित भएर 'तीन स'को कार्यक्रम पेस गरे । गद्दार ख्रुस्चोभको यो विचारले विश्व कम्युनिस्ट आन्दोलनमा ठूलो भ्रम पार्‍यो । धेरैजसो समाजवादी देशहरूले ख्रुस्चोभी संशोधनवादको दीर्घकालीन नकारात्मक प्रभावबारे आँकलन गर्न सकेनन् । त्यसले क्रान्तिकारी आन्दोलनमा अपूर्व क्षति पुर्‍यायो । तर कमरेड माओको नेतृत्वमा ख्रुस्चोभी संशोधनवादका विरुद्ध भीषण सङ्घर्ष चल्यो । माओले ख्रुस्चोभी संशोधनवादलाई बर्नस्टिन र कार्ल काउत्स्कीकै नयाँ रूप भनेर भण्डाफोर गर्नुभयो र पुँजीवादी संसद्बाट शान्तिपूर्ण तरिकाले वैज्ञानिक समाजवाद प्राप्त हुन नसक्ने विचार दिनुभयो । माओकै सङ्घर्षका कारण ख्रुस्चोभले जसरी विश्व कम्युनिस्ट आन्दोलनलाई नै संशोधनवादी भासमा डुबाउने सोचेको थियो त्यसमा सफलता पाउन सकेन । कमरेड माओ र चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा विश्वका क्रान्तिकारीहरू मालेमावाद र वैज्ञानिक समाजवादको रक्षा गर्न सफल भए ।

आज माओ हुनुहुन्न । दुःखको कुरा चिनियाँ कम्युनिस्ट पार्टीले पनि देङको अगुवाइमा क्रान्तिकारी मार्ग परित्याग गर्दै चिनियाँ विशेषताको समाजवादी बाटो पकड्न पुगेको छ । तर विश्वमा क्रान्तिकारी धाराको नेतृत्व विभिन्न ढङ्गले अगाडि बढिरहेको छ ।

नेपालमा पनि संशोधनवाद र वैज्ञानिक समाजवादी धाराका बीचमा सङ्घर्ष लामै समयदेखि चल्दै आएको छ । खासगरी २००७ सालमा नेपालमा राजतन्त्रात्मक संसदीय व्यवस्था स्थापना भएपछि केशरजङ्ग रायमाझी, तुल्सीलाल अमात्य, मनमोहन अधिकारीहरूले रुसी संशोधनवादी विचार र मार्ग पकड्न पुगे । सापेक्षित रूपले इमानदार कम्युनिस्ट नेता कमरेड पुष्पलाललाई पार्टीको जिम्मेवारीबाट हटाउँदै संशोधनवादीहरूले नेतृत्व कब्जा गर्नपुगे । उनीहरूले राजतन्त्रसहित संसदीय व्यवस्थालाई स्वीकार गरेर चुनावी मार्गबाट अगाडि बढ्ने नीति लिए । त्यसपछि नै नेपाली कम्युनिस्ट आन्दोलनमा संशोधनवादले जरा गाड्न पुग्यो । नेपाली संशोधनवादविरुद्ध कमरेड पुष्पलालले कमरेड माओको क्रान्तिकारी विचारलाई पकड्दै सैद्धान्तिक एवम् राजनीतिक सङ्घर्ष सञ्चालन गर्नुभयो । उहाँ पूरै सफल हुन नसके पनि क्रान्तिकारी धार नेपालमा कायम रहनसक्यो ।

२०२८ सालमा पुष्पलालले नेतृत्व नगरे पनि क्रान्तिकारी (नयाँ जनवादी) धारले संशोधनवाद र सामन्तवादविरुद्ध विद्रोह गर्‍यो । जसलाई ऐतिहासिक झापा विद्रोह भनेर चिनिन्छ । त्यसले नेपाली कम्युनिस्ट आन्दोलनको संशोधनवादलाई एक धक्का दियो । अपसोच ! झापा विद्रोह आफ्नो वैचारिक अस्पष्टता र सही दृष्टिकोण भएको नेतृत्वको अभावले गर्दा टिक्न सकेन । पछि त झापा विद्रोहको सङ्गठन गर्ने नेतृत्व नै दक्षिणपन्थी संशोधनवादी मार्ग पकड्न पुग्यो । २०४७ पछि त एमालेका नाममा संशोधनवादी केन्द्र नै स्थापना हुन पुग्यो । यो एमाले संशोधनवादले ठीक तिनै तर्क गर्‍यो राजनीतिक परिस्थितिका बारेमा जुन तर्क बर्नस्टिनले सय वर्षपहिले जर्मनीमा गरेका थिए । अर्थात् एमालेले संसद्बाट शान्तिपूर्ण तरिकाले जनवाद भन्न पुग्यो । यो धारासँग तत्कालीन ने.क.पा. (माओवादी)को क्रान्तिकारी धारले भीषण सङ्घर्ष सञ्चालन गर्‍यो । त्यही सङ्घर्ष नै २०५२ सालपछि महान् जनयुद्धमा विकास भयो । जनयुद्ध वस्तुतः प्रतिक्रियावादी बहुदलीय संसदीय व्यवस्थाका विरुद्ध मात्र विद्रोह थिएन अपितु नेपाली संशोधनवादविरुद्धको विद्रोह पनि थियो । १० वर्षको महान् जनयुद्धको आँधीमा एमालेको संशोधनवाद लगभग बढारिँदै गइसकेको थियो । जनयुद्धलाई नयाँ उचाइमा उठाउन सकेको भए यो धारको विराम लाग्ने पक्का भइसकेको थियो । अपसोच ! जनयुद्धको नेतृत्वले नै आत्मसमर्पण गर्न पुगेपछि र उल्टै एमालेको धारमा विसर्जन हुनपुगेपछि संसद्बाट समाजवाद, शान्तिपूर्ण तरिकाले समाजवाद भन्ने संशोधनवाद पुनः चुनौती बनेर खडा हुनआएको छ ।

यी संशोधनवादीका वंशजहरूले जसरी प्रतिक्रियावादीहरूलाई खुसी पार्न र श्रमिक वर्गलाई सरकारी कुर्सीको भऱ्याङ बनाउन शान्तिपूर्ण परिवर्तनको नारा र विचार अगाडि ल्याएका थिए नेपाली संशोधनवादीहरूले त्यही बासी विचारलाई नयाँ रङरोगन गरेर प्रस्तुत गरिरहेका छन् । तर यो विचार आजसम्म विश्वको कुनै पनि देशमा सफल हुनसकेको छैन । सरकारसम्म पुगे पनि अन्ततः पुँजीवादको घेरामा परेर कि सारा कम्युनिस्टहरूलाई समाप्त पारिएको छ कि त कम्युनिस्टहरूलाई बदनाम पार्ने कार्य मात्र गरिएको छ । केपी–प्रचण्डहरूले संसद्बाट समाजवाद ल्याउने प्रचार गर्नु र श्रमिक जनताले उनीहरूको पछि लागेर समाजवाद ल्याउने कल्पना गर्नु भनेको त्यही दुःखान्त इतिहासलाई नेपालमा पुनरावृत्त गर्ने मात्र हो । वैज्ञानिक समाजवाद प्राप्तिको मार्ग त्यही मात्र हो जुन मार्गबाट लेनिन–माओहरूले प्राप्त गर्नुभएको थियो । अर्थात् सर्वहारावर्गले बल प्रयोगद्वारा पुँजीवादी वर्गको सत्तालाई परास्त गर्नु र वैज्ञानिक समाजवादको स्थापना गर्नु ।

**सामाजिक दलाल पुँजीवाद**

वैज्ञानिक समाजवादबाहेक अन्य सबै समाजवादहरूको सार भनेको पुँजीवाद नै हो चाहे उनीहरूले पुँजीवादको विरोध नै किन गरिरहेका नहुन् । कम्युनिस्टइतर राजनीतिमा प्रयोग भएका विविध रङका समाजवादहरूलाई छोडेर नाममा कम्युनिस्ट राखे पनि पुँजीवादी राज्यव्यवस्थाभित्र समायोजित हुने गुण बोकेका सबै विचलनकारी समाजवादी मतहरू सारमा पुँजीवादकै हिस्सा बनेका छन् । त्यसैमा यतिबेला थपिएको छ केपी–प्रचण्डको 'सामाजिक दलाल पुँजीवाद ।'

जतिबेला कार्ल काउत्स्कीले पुँजीवादी सत्ता आधुनिक प्रविधियुक्त भएकाले सशस्त्र क्रान्ति गर्न सकिँदैन भन्ने दृष्टिकोण बनाए साथै साम्राज्यवादीहरूबीचको युद्धमा मातृभूमिको रक्षा गर्न आआफ्नो सरकारलाई सघाउनुपर्ने विचार अगाडि सारे उनको विचारलाई लेनिनले 'सामाजिक अन्धराष्ट्रवाद' भन्दै भण्डाफोर गर्नुभयो भने साम्राज्यवादी युद्धलाई समर्थन गर्न पुगेपछि 'सामाजिक साम्राज्यवादी' विचार भन्दै आलोचना गर्नुभयो । कार्ल काउत्स्कीको 'सामाजिक अन्धराष्ट्रवाद' सारमा पुँजीवादकै पक्षपोषक भएको निचोड दिँदै लेनिनले त्यसका विरुद्ध आआफ्नो देशका प्रतिक्रियावादी सत्ताविरुद्ध क्रान्ति गर्नुपर्ने क्रान्तिकारी विचार अगाडि सार्नुभयो । अन्ततः लेनिनको विचार नै सही साबित भयो । त्यसैगरी जब ख्रुस्चोभले 'शान्तिपूर्ण सङ्क्रमण, शान्तिपूर्ण सहअस्तित्त्व र शान्तिपूर्ण प्रतिस्पर्धा' को विचार लिएर पुँजीवादका सामु आत्मसमर्पणवादी र समन्वयवादी विचार अगाडि सार्‍यो कमरेड माओले त्यसका विरुद्ध सङ्घर्ष गर्दै त्यसलाई 'पुँजीवादतिरको प्रतिगमन' र 'सामाजिक साम्राज्यवाद' भनेर भण्डाफोर गर्नुभयो । माओले सोभियत सङ्घले ख्रुस्चोभी सामाजिक पुँजीवादी विचारलाई नसच्याए एक दिन सोभियत सङ्घमा प्रतिक्रान्ति भएर पुँजीवाद पुनर्स्थापना हुने विचार राख्नुभयो । घटनाक्रमा माओ सही साबित हुनुभयो । गोर्बाचोभको समयमा पुग्दा पूर्वसोभियत सङ्घमा प्रतिक्रान्ति पूरा भयो र पुँजीवादको पुनर्स्थापना भयो ।

आज नेपालमा कम्युनिस्टका नाममा केपी–प्रचण्डहरूले चुनाव जितेर बहुमतको सरकार बनाएपछि उनीहरूले तीनवटा कुरा गरिरहेका छन् : पहिलो, राजनीतिक क्रान्ति सकियो । दोस्रो, अब सबैसँग मिलेर आर्थिक समृद्धि र विकास गर्ने । तेस्रो, शान्तिपूर्ण तरिकाले नै समाजवादतिर जान सकिन्छ भन्ने । उनीहरूका यी कुरा वास्तविक कम्युनिस्ट सिद्धान्तभन्दा ठीक उल्टा रहेका छन् । न नेपालमा राजनीतिक क्रान्ति सकिएको छ, न दलाल पुँजीवादी सत्ताभित्र श्रमिक जनताका लागि शान्ति, समृद्धि र विकास सम्भव छ, न त पुँजीवादी व्यवस्थाको संसद्बाट नै शान्तिपूर्ण तरिकाले वैज्ञानिक समाजवाद स्थापना गर्न सकिन्छ । नेपालमा सामन्तवादी सत्ताको अन्त्य भए पनि त्यसको ठाउँ दलाल पुँजीवादी राज्यसत्ताले लिएको छ जो कम्युनिस्टहरूले क्रान्तिद्वारा परिवर्तन गर्नुपर्ने प्रतिक्रियावादी सत्ता हो । यसलाई जानाजान बङ्ग्याएर जनतालाई भ्रमित पार्नु भनेको श्रमिक जनताप्रति कम्युनिस्टका नाममा दिइने अक्षम्य अपराध हुन्छ । दोस्रो, दलाल पुँजीपति वर्गले श्रमिक जनताको श्रममाथि बेलगाम लुटपाट गर्दासम्म जनताको समृद्धि असम्भव कुरा हो । तेस्रो विशाल जनताको सेना र समर्थन हुँदासमेत समाजवादमा जान नसक्ने केपी–प्रचण्डहरूले संसद्वाद खाली हात दलाल पुँजीवादी सत्ताको संरचनालाई फेर्न सकिन्छ भन्नेजस्तो तर्क गर्नु भनेको जनतालाई मूर्ख ठान्नु र जनतालाई दलाल पुँजीवादी सत्ताको दासमा बाँधिराख्ने खेल मात्र हो । यी तर्कहरूले नेपालमा दलाल पुँजीवादी सत्तालाई सुदृढ गर्ने भूमिका मात्र निर्वाह गर्छन् । यसरी नाममा कम्युनिस्ट राखेर व्यवहारमा पुँजीवादलाई प्रत्यक्ष सघाउ पुर्‍याउने भएकाले हामीले यो सरकार र केपी–प्रचण्डहरूको विचारलाई 'सामाजिक दलाल पुँजीवाद' र 'सामाजिक दलाल पुँजीवादी सरकार' भन्ने संश्लेषण गरेका छौँ । यो २१ औँ सदीमा माओको मृत्युपछि देखापरेको अर्को संशोधनवादी विचार हो ।

यसो त नेपाली राजनीतिक सत्ता दलाल पुँजीपतिवर्गको हातमा छ भन्ने कुरा स्वयम् केपी–प्रचण्डको ने.क.पा.भित्रका कैयौँ नेताहरूले पनि मान्छन् र पहिले यसका विरुद्ध सङ्घर्ष गर्नुपर्ने विषयमा जोड दिने गरेका छन् भलै त्यो संसदीय चेतनाको परिधिभित्र नै टाँसिएको किन नहोस् । राज्यसत्ता दलाल पुँजीपति वर्गको हातमा छ भन्नुको अर्थ हो सरकारबाहेक सत्ताका साधनहरू, सेना, प्रहरी, अदालत, जेल, प्रशासन, अर्थतन्त्र, बैङ्कहरू सरकारका हातमा छैनन् । अनि यी साधनहरू नभएको सरकार सत्ताविरोधी अर्थात् समाजवादी भएर टिक्न सक्छ त ? वास्तविकता यही हो- सरकार स्वयम्ले समाजवादीको नभएर दलाल पुँजीवादी सत्ताको स्वार्थमा काम गरिरहेको छ । त्यसैले यो वैज्ञानिक समाजवादको मान्यतामा काम गर्ने सरकार नभएर नाममा कम्युनिस्ट भए पनि काम दलाल पुँजीवादी सत्ताको रक्षा गर्ने गरिरहेको छ ।

आजभन्दा सवा सय वर्षपहिले बर्नस्टिन र काउत्स्कीले गरेको पुँजीवाद र साम्राज्यवादबारेको तर्क, संसद्बाट शान्तिपूर्ण तरिकाले समाजवादभन्दा गरिएका तर्क, आजभन्दा साठी वर्षपहिले गद्दार ख्रुस्चोभले अगाडि सारेको 'तीन स'को सिद्धान्त, तीस वर्षपहिले एमालेले गरेको बहुदलीय जनवादको तर्क र आज प्रचण्डहरूले गरिरहेको शान्तिपूर्ण तरिकाले समाजवादमा पुग्ने भनेर गरेको तर्कमा कुनै अन्तर छैन । यी सबैको केन्द्रमा पुँजीवादसामु गरेको आत्मसमर्पणलाई छोप्ने र व्यवहारतः पुँजीवादलाई सहयोग पुर्‍याउने नियत मात्र छिपेको छ । त्यसैले काउत्स्की 'सामाजिक अन्धराष्ट्रवादी', ख्रुस्चोभ 'सामाजिक साम्राज्यवादी' भएजस्तै प्रचण्डहरू 'सामाजिक दलाल पुँजीवादी' हुन पुगेका छन् ।

कुनै सिद्धान्तको क्षेत्रबाट मात्र होइन, राजनीतिमा सामान्य ज्ञान राख्ने जोकोहीलाई थाहा छ समाजवाद भनेको सर्वहारावर्गको नेतृत्व, किसान–मजदुरको प्रमुख भूमिका, उत्पीडित जाति, राष्ट्र, लिङ्ग र समुदायको स्वामित्वमा सत्ता, दलाल पुँजीपति वर्गको निषेध, देशभक्त शक्तिसँगको सहकार्य हुनुपर्छ । अहिले सबै नभए पनि सरकारले त्यो दिशा समात्नुपर्ने हुन्छ तर के केपी–प्रचण्डको सरकारले त्यसतिर पाइला मात्र पनि सोझ्याएको छ त ? त्यो त सङ्केत पनि छैन । बरु त्यसको ठीक उल्टो संसदीय राजनीति दिनप्रतिदिन करोडपति र अर्बपतिहरूको नियन्त्रणमा पुगेको छ । किसान–मजदुरहरू यो व्यवस्थाको संरचनाबाट नै लुप्त भएका छन् । उत्पीडित जाति, लिङ्ग, समुदाय, देशभक्त सारा राजनीतिक प्रतिनिधित्वबाट वञ्चित हुन पुगेका छन् । जनयुद्धको समयमा सर्वहारा वर्गीय चरित्रमा रहेका व्यक्तिहरू पनि दलाल पुँजीपति वर्गमा फेरिन पुगेका छन् ।

आर्थिक दृष्टिबाट समाजवाद सामन्ती भूस्वामित्वको अन्त्य, दलाल पुँजीको राष्ट्रियकरण, एकाधिकार पुँजीको प्रवेशमा रोक, दलाल एवम् सुदखोर पुँजीमाथि नियन्त्रण, आमनागरिकलाई गाँस, बास, शिक्षा, स्वास्थ्य, सूचनासञ्चार, रोजगारीको अधिकार सुनिश्चित हुने, आत्मनिर्भर अर्थतन्त्रको निर्माण र विकास, राष्ट्रिय पुँजीको विकास, औद्योगिक पुँजीको विकास, उत्पादनमूलक अर्थसम्बन्धको विकास हुनुपर्ने हो तर केपी–प्रचण्डले प्रयोग गरिरहेको आर्थिक चरित्र यस्तो छ त ? अहँ केही पनि छैन । बरु ठीक विपरीत रहेको छ । अर्थतन्त्र दलाल पुँजीपति वर्गको हातमा पुगेको छ । नेपाललाई अर्थउत्पादनका क्षेत्रबाट विस्थापन गरेर केवल उपभोग्य बजारका रूपमा मात्र प्रयोग गरिरहेको छ । किसान–मजदुरको आर्थिक जीवन चौपट छ । नागरिकहरूको जीवन कष्टकर बन्दै गएको छ । विदेशी ऋण बढेर नौ खर्ब नाघेको छ । रोजगारीको अभावले नेपालले श्रमशक्तिलाई सस्तो दरमा बेच्नुपरेको छ । गाउँ–गाउँसम्म सुदखोरी पुँजी, चक्रीय ब्याजको शोषणमा पर्नुपरेको छ । राष्ट्रिय अर्थतन्त्र निकै कमजोर अवस्थामा पुगेको छ ।

सांस्कृतिक रूपले समाजवादी दृष्टिकोण, चेत, जीवनशैली, संस्कार र व्यवहारहरू दलाल पुँजीवादको भन्दा आधारभूतले नै फरक हुन्छ । यसले पुँजीवादी शोषण, विभेद, उत्पीडन, जालझेल, ठगी, छाडा, अराजकता, अश्लीलता, अन्धविश्वासका विरुद्ध सङ्घर्ष गर्छ । साथै श्रम, श्रमिक वर्ग, विज्ञान, समानता, स्वतन्त्रता, स्वाधीनता, अनुशासन, इमानदारी, जनसंस्कृतिको रक्षा गर्छ । केपी–प्रचण्डहरूको पार्टी र सरकारले अख्तियार गरेको संस्कृति र अगाडि सारेका कार्यक्रमहरू के समाजवादी भन्न लायक छन् ? एकरत्ति पनि छैनन् ! २०४७ पछि सांस्कृतिक रूपले तीव्र विचलनतिर कुदेको एमाले यतिबेला पुँजीवादी खालको शैलीमा अभ्यस्त भइसकेको छ तर प्रचण्डहरूको हिस्सा जनयुद्धका मूल्यमान्यताबाट तीव्र वेगमा विचलित हुँदै गइरहेको छ । 'अरूलाई अरूको धन्दा … लाई खानको धन्दा' भनेजस्तो यो हिस्साको धन्दा नै भ्रष्टाचार, तस्करी, लुटपाट, जमिनदारहरूको जमिन बेचेर खाने कमिसनखोरी हुन पुगेको छ । यी कति बदनाम छन् भने जनमुक्ति सेनाको अर्बौं पैसासमेत गायब पार्न पुगेका छन् र त्यसबारे व्यापक रूपमा विरोधहरू चर्किँदै गएको छ । देशका नदीनाला, जग्गाजमिन, बनजङ्गल, ठेक्कापट्टा, सङ्घसंस्था, देशविदेश केही बाँकी राखेका छैनन् ! विगतमा काङ्ग्रेस र पञ्चहरूलाई उपचार गर्न विदेश गएकोप्रति ठूलो विरोध गर्ने एमाले–माओवादीहरू नै आज महिनैपिच्छे लाखौँ-करोडौँ खर्च गर्दै सिङ्गापुर, बैङ्कक, दिल्ली उडिरहेका छन् । देशैभरि विकृति, अश्लीलता, अराजकता, छाडापन व्याप्त भएर गएको छ । कहाँसम्म भने पुँजीवादीहरूले समेत खुला रूपले उठाउन नसकेको नेपालमा वेश्यालय खोल्नुपर्छ भन्ने विषय केपी–प्रचण्डका मान्छेहरूले उठाइरहेका छन् ! कथित कम्युनिस्टहरूको बुद्धि दया लाग्दोगरी देशनै बेचेर खानेतिर पुगेको छ । भोलि अफ्रिकाले नझेलेको एड्सजस्ता प्राणघातक रोगको महामारी फैलाउनेतिर जाँदैछन् ।

शैक्षिक र स्वास्थ्यका दृष्टिकोणले समाजवाद पूर्ण रूपले जनताप्रति उत्तरदायी हुन्छ । शिक्षा–स्वास्थ्यमा राज्यले जिम्मेवारी बहन गर्नुपर्ने हुन्छ । निजीकरण, व्यापारीकरण, माफियाकरण बन्द हुन्छ । सबै जनताका लागि समान शिक्षा र स्वास्थ्यको प्रबन्ध हुन्छ । तर यो केपी–प्रचण्ड सरकार लज्जास्पद प्रकारले निजीकरणका पक्षमा चलिरहेको छ । कतिसम्म अनौठो भएको छ भने लोकतन्त्रवादी भनिने डा. गोविन्द केसी निजीकरणविरुद्ध सङ्घर्षमा उत्रिएका छन् भने कम्युनिस्ट भनिने केपी–प्रचण्डहरू निजीकरणका पक्षमा पुगेर दमन गरिरहेका छन् !

राष्ट्रिय स्वाधीनताको हिसाबले समाजवादी शक्तिले सबैखाले साम्राज्यवादी हस्तक्षेपका विरुद्ध सङ्घर्ष गर्दछ । राष्ट्रिय स्वाधीनताका पक्षमा दृढतापूर्वक उभिन्छ । विगतका राष्ट्रघाती सन्धिसम्झौताहरू खारेज गर्छ र समानताका आधारमा नयाँ सम्झौताहरू गर्न पहल गर्छ । तर केपी–प्रचण्ड सरकारले त काङ्ग्रेसले समेत दलाल देख्ने तहमा विदेशी शक्तिकेन्द्रहरूको चाकरी र दलाली गरिरहेको छ । मुख्यतः चुनावमा बहुमत ल्याएपछि केपी–प्रचण्डहरूले बैङ्कक, सिङ्गापुर र दिल्लीसम्म पुगेर गरेका चाकरी, दलाली, सुष्मा स्वराजको नेपाल भ्रमणको समयमा देखाएको लाचारी, भारतीय प्रधानमन्त्री मोदीको नेपाल भ्रमणमा देखिएको दलाली, मोदी आएको समयमा रातमा गरिएको राष्ट्रघाती अरुण ३ योजनाको शिलान्यास, बिमस्टेकका नाममा भारतले सञ्चालन गरेको सैन्य अभ्यासमा जाने तयारी र विरोधपछिको स्थगन सबैमा उनीहरूको राष्ट्रिय आत्मसमर्पणवादी प्रवृत्ति उजागर हुन्छ । यी सारा सिद्धान्त, व्यवहार र सङ्घर्ष सम्पूर्ण क्षेत्रबाट मापन गर्दा यो सरकार 'सामाजिक दलाल पुँजीवादी' सरकार भएकोमा कुनै द्विविधा छैन ।

## नेकपा नेता …

समेत बर्जित गरेको छ र सोही मुद्दामा धेरै युवाको जिन्दगी जेलको छिँडीमा बितेको त्यहीँ, लागूपदार्थको सहज कारोबार र प्रयोग गर्ने काम गम्भीर गैरकानुनी अपराध भएको भन्दै यस्तो नगर्न खबरदारी गरेका थिए । तर जब त्यो कुरा कारागारका जेलर र कतिपय भित्रका कारोबारीलाई चित्त बुझेन तब भित्रभित्र षड्यन्त्र सुरु भयो । लागूपदार्थका बारेमा चुप नबसे जे पनि हुने धम्की लागूपदार्थ कारोबारीले दिएका थिए । त्यसपछि विद्रोही नेता रणवीरले त्यसको प्रतिवाद गरेका थिए । त्यसपछि कारागारभित्रैका केही बन्दीको योजनामा रणवीरमाथि हातपातको प्रयास भएको थियो । त्यसपछि कारागारका अन्य बन्दीहरूले आक्रोश व्यक्त गर्दै जेलरको लापरबाहीले यस्तो भएको भन्दै असन्तुष्टि पोखेका थिए । त्यसपछि नेता रणवीरमाथि कुटपिट गरिएको थियो । कारागारभित्र लागूपदार्थ कारोबार हुने गरेको तथ्य बाहिर ल्याएका नेता भरत बम 'रणवीर' माथि असोज १० गते राति नेपालगन्ज कारागारभित्रै योजनाबद्ध ढङ्गबाट हातपात भएको थियो ।

नेपालगन्ज कारागारका जेलर पाण्डे तथा चौकीदारसहितको मिलोमतोमा अरू कैदीहरूलाई प्रयोग गरेर उनीमाथि हातपात भएको घटना बाहिर आएको छ । उक्त घटना बाहिर आएपछि सुरक्षाको चुनौती बढेको कारण देखाउँदै नेता रणवीरलगायत ५ जना पार्टीका आस्थाका बन्दी नेताहरूलाई बर्दिया जिल्लाको गुलरिया कारागारमा असोज १५ गते सरुवा गरिएको हो ।

सुरुमा नेता रणवीरलाई एक्लै सरुवा गर्न खोजिएको तर कारागारभित्रका राजनीतिक बन्दीहरूले एक्लै सरुवा गर्दा असुरक्षित हुने भन्दै एक्लै नजान अनुरोध गरेर सबैले दबाब दिएपछि पार्टीका अन्य ५ जना स्थानीय नेताहरूसहित सरुवा गरिएको समाचारमा जनाइएको छ । उक्त घटनासँगै राष्ट्रिय मानवअधिकार आयोग, नागरिक समाज, सञ्चारजगत्लगायतले नेपालगन्ज कारागारभित्रको विषयलाई लिएर गम्भीर ध्यानाकर्षण भएको जनाएका थिए ।

त्यसलगत्तै राष्ट्रिय मानवअधिकार आयोग, नेपालगन्जका सञ्चारकर्मी, नागरिक समाजले नेता भरत बम 'रणवीर' लाई नेपालगन्ज कारागारमै पुगेर भेटघाट र पछिल्लो अवस्थाबारे जानकारी लिएका थिए । घटनाको चौतर्फी चर्चा भएपछि र सर्वत्र आलोचना भएपछि नेता रणवीरलाई नेपालगन्ज कारागारबाट बर्दियाको गुलरिया कारागार सरुवा गरिएको समाचारमा जनाइएको छ ।

नेता रणवीर भन्छन्, कारागारभित्र ममाथि हातपात गर्ने गम्भीर प्रकृतिको योजना बनेको कुरा यथार्थ हो । कारागारभित्र विभिन्न किसिमका गैरकानुनी कामहरू पनि हुँदा रहेछन् जुन अहिलेको प्रचलित कानुनले समेत बर्जित गरेको छ । यस्ताखाले कामहरू गर्नु हुँदैन भनी मैले कारागार प्रशासनसँग असहमति राख्दै गर्दा कारागारका चौकीदारलगायत केही मिलेर ममाथि हातपात र कुटपिट भयो । अझै गम्भीर प्रकृतिको कुटपिट गर्ने योजना बनाएको कुरा बुझेँ, थाहा पाएँ । तसर्थ मैले थप असुरक्षित भएको महसुस गरेको हुँ ।

उनले भने, कारागार मानिसहरूलाई सुधार्ने गृहभन्दा पनि बिगार्ने गृह रहेछ भन्ने मेरो घटनाले पुष्टि गर्दछ । भित्र गुट्का, चुरोट, सुर्ती त सामान्य नै भयो चरेस, लागूपदार्थ, जाँडरक्सीसमेत प्रयोग हुने गरेको देखेपछि यस्तो गर्नु हुँदैन भनेर मैले विरोध गरेको हुँ । अधिकांश लागूपदार्थ मुद्दामा बस्ने व्यक्तिहरू थिए ।

उनले भने, जहाँसम्म उनीहरूलाई हामीजस्तो मान्छे भित्र भएपछि सुधार्नुपर्छ भन्ने सोचाइले यस्तो गर्नु हुँदैन भनेको हुँ । तर त्यहाँ त्यो बन्द भयो भने चौकीदार र जेलरहरूको कमाइखाने धन्दा बन्द हुँनेरहेछ । त्यहाँका नाइकेहरूले त्यस्ता अवैध चीजहरू भित्र पुऱ्याएपछि महँगो मूल्यमा बेच्ने र कमाउने धन्दा हुँदोरहेछ । यसै कारणले ममाथि हातपात गर्ने योजना बनाएका रहेछन् ।

उनले अगाडि भने, मुख्यतः ममाथि हातपात गर्ने योजना कारागारका जेलर भरतराज पाण्डेको निर्देशनमा कारागारका चौकीदार भरत फडेरा र कारागारभित्र रासनपानी आपूर्ति गर्दै आएका ठेकेदार मानबहादुर शाहीको संलग्नतामा कैदी शेरबहादुर कसेरा, गगन शाही, नमराज केसीलगायतले बनाएका हुन् र आक्रमण गरेका हुन् । यो कुरा त्यहाँका अन्य कैदीबन्दीहरूलाई समेत प्रस्ट थाहा छ ।

उनले भने, राष्ट्रिय मानवअधिकार आयोगको टोली र केही पत्रकारहरू कारागार आएका थिए । मैले उहाँहरूलाई समेत यो कुरा प्रस्ट भनेको छु । जेलभित्र लागूपदार्थ प्रयोग गरिरहेको कुरा विरोध गर्दा हातपात भएको हो भनेर मैले भनेको छु ।

कारागारबाट नेता रणवीरले भने, नेपालगन्ज कारागारमा हाम्रो सुरक्षा थिएन । हामीमाथि जतिबेला र जुन अवस्थाको पनि पुनः हातपात हुनसक्ने अवस्था थियो । हामीले यहाँबाट बाहिर पठाइयोस् भनेका थियौँ । त्यसैले यता पठाइएको हो ।

कारागारभित्र असुरक्षित भएका नेता रणवीरले भने, मेरो घटनाका योजनाकार र दोषीलाई कारबाही हुनुपर्छ । जेल अपराध बढाउने गृह होइन, साँच्चिकै व्यवहारमा सुधारगृह बनाउनुपर्छ । जेलको व्यवस्थापकीय पक्ष पनि सुधार गर्नु पर्छ । क्षमताभन्दा बढी मानिसहरू राख्नु हुँदैन । क्षमताअनुसार राख्नुपर्छ भन्ने मेरो जोड छ ।

# राजनीतिक अर्थशास्त्र वर्गसङ्घर्षको विज्ञान



अनुवाद : भेषराज भुसाल

अधिरचना आर्थिक आधारद्वारा निर्धारित हुने गर्दछ । जब यो कायम हुन पुग्छ तब यस आर्थिक आधारमा जबर्जस्ती प्रतिक्रियात्मक प्रभाव पार्दछ। स्टालिनले भन्नुभएको थियो, 'आर्थिक स्वयम्को स्थापना र सुदृढीकरणको निम्ति तथा पुराना आधार र त्यसको अधिरचनालाई नष्ट गर्नका निम्ति आफ्नो अधिरचना निर्मित गराउँछ ।'८ यसले के बताउँछ भने अधिरचनाले किन सधैँ आफ्नो आधारको सेवा गर्दछ । समाजवादी अधिरचनाले किन सधैँ आफ्नो आधारको सेवा गर्दछ र पुँजीवादी अधिरचनाले आफ्नो पुँजीवादी आर्थिक आधारको सेवा गर्दछ ।

पुँजीवादी समाजमा उत्पादनको सामाजीकरण र उत्पादनका साधनहरूको निजी स्वामित्वबीचका अन्तरविरोध निखारिँदै जाने क्रमसँगसँगै पुँजीवादी निजी स्वामित्वको स्थानमा समाजवादी जनस्वामित्व स्थापित गर्ने आवश्यकता तीव्र हुन पुग्छ । यद्यपि बुर्जुवा वर्गको प्रतिक्रियावादी राज्यसंयन्त्रमाथि नियन्त्रण रहेको हुन्छ र उसले पुँजीवादी आर्थिक आधारलाई बनाइराख्नका निम्ति त्यसको प्रयोग गर्दछ। सर्वहारा वर्गले पहिले पुँजीवादी राज्यसंयन्त्रलाई ध्वस्त गरेन भने त पुँजीवादी आर्थिक व्यवस्थाको नास असम्भव छ। नयाँ तथा पुराना संशोधनवादीहरूको 'पुँजीवाद शान्तिपूर्ण तरिकाद्वारा विकसित हुँदै समाजवादमा बदलिन सक्छ' भन्ने दाबी सरासर भ्रूट हो ।

समाजवादी समाजमा अधिरचना र आर्थिक आधार मूलतः एकअर्काका अनुकूल हुन्छन्। यद्यपि बुर्जुवा वर्ग र उसका विचारधारात्मक रूपहरूको उपस्थिति, राज्यका अङ्गहरूमा केही नोकरशाही कार्यशैलीहरू र राज्यव्यवस्थाका केही मागहरूमा विद्यमान कमीकमजोरीहरूका कारण समाजवादी आर्थिक आधारलाई सुदृढीकरण, परिपूर्णता तथा विकासको प्रक्रिया निषेध भयो वा त्यसमा अवरोध खडा गरियो । हामी समाजवादी अधिरचनाले समाजवादी आर्थिक आधारलाई धेरै राम्रोसँग सेवा गर्न सक्ने बनाउनु पर्दछ । हामीले अधिरचनाका क्षेत्रमा सङ्घर्षलाई दृढतापूर्वक गहिरो गरी बुझ्नु पर्दछ र आर्थिक रचनामा समाजवादी क्रान्तिलाई अन्त्यसम्म सञ्चालन गर्नुपर्दछ ।

राजनीतिक अर्थशास्त्रले विभिन्न वर्गहरू वा विभिन्न तह र तप्काहरूको सर्वाधिक व्यावहारिक र तात्कालिक हित र गहन समस्याहरूको व्याख्या गर्दछ । मार्क्सवादी दर्शनले जस्तै राजनीतिक अर्थशास्त्रले पनि सार्वजनिक रूपबाट के घोषणा गर्दछ भने उसले सर्वहारा राजनीतिको सेवा गर्दछ। राजनीतिक अर्थशास्त्र वर्गसङ्घर्षका बारेमा एउटा विज्ञान हो ।

राजनीतिक अर्थशास्त्र पार्टीद्वारा आधारभूत लाइन निर्धारित गर्ने सैद्धान्तिक आधार हो ।

मार्क्सवादी अर्थशास्त्र आधुनिक सर्वहारा वर्ग र ठूला उत्पादक शक्तिहरू अर्थात् उद्योगहरूको स्थापनासँगै अस्तित्वमा आयो । मार्क्सले आफ्नो समयको वर्गसङ्घर्षमा भाग लिनुभयो । उहाँले पुँजीवादी समाजको विश्लेषणका निम्ति क्रान्तिकारी भौतिकवादी द्वन्द्ववादको प्रयोग गर्नुभयो । उहाँले पुँजीपतिद्वारा मजदुरहरूको शोषणको पर्दाफास (भण्डाफोर) गर्नुभयो र उत्पादनको सामाजीकरण तथा पुँजीवादी स्वामित्वबीचका अन्तरविरोधहरूलाई वैज्ञानिक ढङ्गबाट उजागर गर्नुभयो । यी अन्तरविरोधहरू सर्वहारा तथा बुर्जुवा वर्गका बीचमा पेचिला र शत्रुतापूर्ण अन्तरविरोधका रूपमा अगाडि आए । पुँजीवादी सामाजिक अन्तरविरोधहरू दिनप्रतिदिन बढ्दै जानुका साथसाथै पुँजीवादी व्यवस्थाको चिहान खन्नेहरू सर्वहारा वर्ग दिनप्रतिदिन बलियो हुँदै गयो । 'पुँजीवादी निजी सम्पत्तिको मृत्युको घण्टी बज्नेवाला छ । स्वामित्वहरण गर्नेहरूबाट स्वामित्व खोसिनेछ ।'९ यसबाट यो क्रान्तिकारी र वैज्ञानिक निष्कर्ष निक्लियो- पुँजीवादी व्यवस्थाको स्थानमा समाजवादी व्यवस्था र बुर्जुवा तानाशाहीको स्थानमा सर्वहारा अधिनायकत्व आउनु अपरिहार्य छ । 'मार्क्स आधुनिक समाजमा आर्थिक गतिको नियमअनुसार यो निष्कर्षमा पुग्नुभयो ।'१० यसप्रकार मार्क्सवादी दर्शन र वैज्ञानिक समाजवादका साथ मार्क्सवादी राजनीतिक अर्थशास्त्र सर्वहारा राजनीतिक पार्टीका निम्ति आफ्नो आधारभूत नीति तयार गर्ने सैद्धान्तिक आधार बन्न पुग्यो । मार्क्सवादको सैद्धान्तिक आधारमा पुँजीवादका परिस्थितिहरूमा सर्वहारा क्रान्तिकारी नेताहरूले सर्वहारा पार्टीका निम्ति राजनीति सत्ता खोस्नका लागि क्रान्तिकारी हिंसाको प्रयोगको आधारभूत राजनीतिक कार्यदिशालाई सूत्रबद्ध गरे । उनीहरूले बुर्जुवा वर्ग तथा सम्पूर्ण शोषक वर्गहरूलाई समूल रूपमा उखेलेर फाल्नु, बुर्जुवा तानाशाहीको स्थानमा सर्वहारा तानाशाही स्थापित गर्न, पुँजीवादमाथि समाजवादको विजय र कम्युनिज्मका निम्ति सङ्घर्षमा सर्वहारा वर्गको मार्गदर्शन गरे ।

समाजवादी समाजमा पनि मार्क्सवादी राजनीतिक अर्थशास्त्रले सर्वहारा पार्टीको आधार भूत कार्यदिशा तय गर्नका निम्ति सैद्धान्तिक आधार उपलब्ध गराउँछ । माओले समाजवादी उत्पादन सम्बन्धहरू र उत्पादक शक्तिहरू तथा अधिरचना र आर्थिक आधारका बीचका अन्तरविरोधहरूको गहिरोसँग विश्लेषण गर्नुभयो र समाजवादको अवधिमा वर्गसङ्घर्ष तथा कार्यदिशाहरूको सङ्घर्षको दीर्घकालीन र त्यसको जटिलतालाई दर्साउनुभयो । यस सैद्धान्तिक आधारमा उहाँले पूर्ण समाजवादी गन्तव्यका लागि हाम्रो पार्टीको आधारभूत कार्यदिशालाई अगाडि बढाउनुभयो । यस आधारभूत कार्यदिशाले हामीलाई बताउँछ- 'समाजवादी समाज एक धेरै लामो ऐतिहासिक अवधिसम्म रहिरहन्छ । यो पूरै ऐतिहासिक अवधिभरका वर्गअन्तरविरोध र वर्गसङ्घर्ष रहिरहन्छ । समाजवादी मार्ग र पुँजीवादी मार्गका बीचमा सङ्घर्ष रहिरहन्छ र साम्राज्यवाद तथा सामाजिक साम्राज्यवादद्वारा षड्यन्त्र, तोडफोड र हमलाको खतरा रहिरहन्छ । यो अन्तरविरोध सर्वहारा अधिनायकत्वको मातहत निरन्तर क्रान्तिको सिद्धान्तमाथि विश्वास गरेर त्यसको मार्गनिर्देशनमा व्यवहारद्वारा नै हल गर्न सकिन्छ ।'११ पार्टीको आधारभूत कार्यदिशा सर्वहारा अधिनायकत्वको मातहत निरन्तर क्रान्ति जारी राख्न, सर्वहारा अधिनायकत्वलाई सुदृढीकरणका निम्ति सङ्घर्ष गर्न, पुँजीवादी पुनर्स्थापनालाई रोक्न, समाजवादको निर्माण र विश्वभरमा कम्युनिज्म स्थापनाको महान् आदर्शका निम्ति सङ्घर्षमा चिनियाँ जनतालाई मार्गदर्शन गर्दछ ।

समाजवादी राजनीतिक अर्थशास्त्रको आधार भूत कार्यभार समाजवादी उत्पादन सम्बन्धहरूलाई साम्यवादी उत्पादन सम्बन्धहरूमा रूपान्तरणका नियमको अध्ययन र व्याख्या गर्नु हो । राजनीतिक अर्थशास्त्रको केही बुझाइ समाजवादी आर्थिक गतिका वस्तुगत नियम तथा विभिन्न उत्पादन सम्बन्धहरू बन्ने, तिनका विशेषताहरू र विकासको अपरिहार्यतालाई बुझ्न हामीलाई मद्दत गर्नु हो । यसले पार्टीको आधारभूत कार्यदिशाप्रतिको हाम्रो बुझाइलाई बढाउँदैछ र त्यसलाई लागू गर्नका निम्ति हाम्रो सजगताको धरातललाई माथि उठाउँछ ।

पार्टी कार्यदिशामाथि जोड दिनुको आधारभूत महत्व छ । यो एकदम सीधा छ- 'मार्क्सवाद लागू गर संशोधनवाद होइन ।' मार्क्सवाद लागू गर्नका निमित्त हामीले पहिले मार्क्सवाद सिक्नु पर्नेछ । संशोधनवादको विरोध गर्नका निमित्त हामीले यो बताउनका निम्ति सक्षम हुनु पर्दछ- संशोधनवाद के हो । यद्यपि मार्क्सवादभित्र दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद पर्दछन् । हामी मार्क्सवाद बुझ्न चाहन्छौँ भने हामीले मार्क्सवादी दर्शन र वैज्ञानिक समाजवादको गम्भीरतापूर्वक अध्ययन गर्नुपर्दछ । यसका साथै हामीले मार्क्सवादी राजनीतिक अर्थशास्त्रको पनि गम्भीरतापूर्वक नै अध्ययन गर्नुपर्दछ ।

मार्क्सवादी राजनीतिक अर्थशास्त्र समस्त बुर्जुवा र संशोधनवादी अर्थशास्त्रका विरुद्ध छ र यो बुर्जुवा र संशोधनवादी राजनीतिक अर्थशास्त्रलाई चुनौती दिने प्रक्रियामा नै विकसित भएको हो । मार्क्सवादी राजनीतिक अर्थशास्त्र सिक्नाले मार्क्सवाद र संशोधनवाद, समाजवाद र पुँजीवाद तथा सर्वहारा वर्ग र बुर्जुवा वर्गका बीचमा फरक छुट्याउन मद्दत मिल्छ । यसले विभिन्नखाले भड्काउतर्फ उम्मुख लक्षणहरूलाई पनि ठीक गर्दछ र हाम्रो विचारधारात्मक जागरुकताको स्तरलाई माथि उठाउँछ ।

संक्षेपमा, हामी पार्टीविरोधी, मार्क्सवादविरोधी चिन्तनमाथि विजय पाउन चाहन्छौँ भने, समाजवादको गन्तव्यमा पार्टीको आधारभूत कार्यदिशालाई धेरै राम्रो ढङ्गबाट लागू गर्न चाहन्छौँ भने लिन पियाओ तथा कार्यशैलीको सुधारलाई अझ गहिरोसँग आलोचना गर्न चाहन्छौँ भने तथा महान् समाजवादी क्रान्ति र समाजवादी उद्यमका क्षेत्रमा नयाँ र ठुला विजय हासिल गर्न चाहन्छौँ भने हामीले केही मात्रामा राजनीतिक अर्थशास्त्रको अध्ययन अनिवार्य गर्नुपर्दछ ।

राजनीतिक अर्थशास्त्रलाई राम्रोसँग बुझ्नका लागि सिद्धान्त र व्यवहारमा मेल गर ।

राजनीतिक अर्थशास्त्र द्वन्द्वात्मक भौतिकवाद तथा ऐतिहासिक भौतिकवादको निरूपण र प्रयोग हो । राजनीतिक अर्थशास्त्र सिक्नका निम्ति हामीले द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको मार्गनिर्देशनमा चल्नुपर्दछ । 'द्वन्द्वात्मक पद्धतिले प्रत्येक ऐतिहासिक रूपबाट उन्नत सामाजिक रूपलाई यसको निरन्तर गति र यसको अस्थायी प्रकृतिको आधारमा बुझ्ने गर्दछ । यसले कुनै चीजको पूजा गर्दैन र यसको प्रकृति आलोचनात्मक एवं क्रान्तिकारी छ ।'१२ यो सर्वहारा विश्वदृष्टिकोण आदर्शवाद एवम् अधिभूतवादको प्रत्यक्ष विरोध हो । जब हामीले द्वन्द्वात्मक भौतिकवाद एवम् ऐतिहासिक भौतिकवादलाई राम्रोसँग बुझ्नेछौँ र पुँजीवादी समाज तथा अर्थव्यवस्थामा गतिको नियमलाई प्रेक्षण गर्न र त्यसको विश्लेषणका लागि त्यसको प्रयोग गर्नेछौँ तब हामीले यो बुझ्न सक्नेछौँ- किन पुँजीवादको अन्त्य र समाजवादको विजय सुनिश्चित छ । जब हामीले त्यसको प्रयोग गरेर समाजवादी समाज र अर्थव्यवस्थामा गतिको नियमको प्रेक्षण र विश्लेषण गर्नेछौँ तब हामी समाजवादी समाजमा वर्गसङ्घर्ष र कार्यदिशाहरूको सङ्घर्षको दीर्घकालीनता र जटिलतालाई बुझ्न पाउनेछौँ । तब हामी समाजवादबाट साम्यवादतर्फ विकासको आमविशेषता तथा यस कुरालाई बुझ्न पाउनेछौँ- किन यसलाई मानवीय इच्छाद्वारा रोकन सकिँदैन । यसले कम्युनिस्ट उद्यमको अन्तिम विजयका निम्ति पूर्ण दृढताका साथ बलिदानी तथा कठिनाइहरूबाट हुने डरबाट मुक्त भएर सङ्घर्ष गर्ने हाम्रो आस्थालाई बलियो बनाउँछ ।

राजनीतिक अर्थशास्त्रको अध्ययनका निम्ति सिक्न क्रान्तिकारी शैलीमा जोड दिनुपर्दछ । जसले सिद्धान्त र व्यवहारमा मेल गराउँछ । अध्यक्ष माओले हामीलाई बताउनुभएको छ, 'हामीले मार्क्सवादी सिद्धान्तलाई पूर्ण रूपले जान्नुपर्दछ र त्यसलाई लागू गर्नका निमित्त सक्षम हुनुपर्दछ । यसलाई पूर्ण रूपमा जान्नुको उद्देश्य यसलाई लागू गर्नमा निहित छ ।'१३ सिद्धान्त र व्यवहारको मेल गर्नु अनुशासन तथा पार्टीको प्रकृतिको प्रश्न हो । हामीले राजनीतिक अर्थशास्त्रको अध्ययनलाई आधुनिक संशोधनवादको आलोचनाका साथसाथै ल्यु साओ ची, लिन पियाओ तथा त्यस्तै धोकेबाजहरूद्वारा फैलाइएका प्रतिक्रियावादी भ्रामक विचारहरूका साथै वर्गसङ्घर्ष, उत्पादनका निम्ति सङ्घर्ष र वैज्ञानिक प्रयोगका तीन महान् क्रान्तिकारी व्यवहारहरूका साथ र विश्वदृष्टिकोणको रूपान्तरणका साथ जोड्नु पर्दछ । मार्क्सवादी दर्शनले के मान्दछ भने सर्वाधिक महत्वपूर्ण प्रश्न वस्तुगत विश्वका नियमहरूको जानकारीको माध्यमबाट दुनियाँको व्याख्या गर्नका निम्ति योग्य हुनु हो ।१४

के मार्क्सवादी राजनीतिक अर्थशास्त्र सिक्न कठिन छ ? हो पुँजीको पहिलो संस्करणको भूमिकामा मार्क्सले भन्नुभएको थियो, 'हरेक चीज सुरुमा कठिन हुन्छ । हरेक विज्ञान त्यस्तै हुन्छ ।' वस्तुगत परिघटनाहरूको ठोस विश्लेषणमा मार्क्सवादी राजनीतिक अर्थशास्त्र गहिराइसम्म पुग्छ, अन्तरवस्तुलाई समाउछ र वैज्ञानिक र वैज्ञानिक अमूर्तनमा पुग्दछ । यसप्रकार जब हामी सुरु गर्दछौँ तब प्रायः हाम्रो सामना त्यस्ता शब्दहरू र अवधारणाहरूसँग पर्दछ जसलाई बुझ्न कठिन हुने गर्दछ । यद्यपि मार्क्सवादी राजनीतिक अर्थशास्त्र सर्वहाराका निम्ति लेखिएको थियो र यसले सर्वहारा क्रान्तिको कुरा गर्दछ । हामीले गम्भीरतापूर्वक यसको अध्ययन गर्‍यौँ भने त सुस्तसुस्त यसलाई बुझ्न थाल्छौँ । 'कुनै पनि चीज कठिन हुँदैन, केवल मानिसहरूमा पर्याप्त सङ्कल्प हुँदैन । सुरु गर्न कठिन हुँदैन र उन्नत अध्ययन पनि एकदमै सम्भव छ । मात्र दृढ निश्चय र सिक्ने क्षमता हुनुपर्दछ ।'१५

मार्क्सले एकपल्ट भन्नुभएको थियो, 'विज्ञानमा कुनै सीधा सपाट बाटो हुँदैन । प्रतिभाको शिखरमा केवल त्यही पुग्न सक्छ जो ठाडो उकालो पहाडको बाटोमा चढ्न डराउँदैन ।'१६ सर्वहारा क्रान्तिकारी नेताहरूले आफ्नो सारा जीवन मार्क्सवादी दर्शनलाई स्थापित र विकसित गर्नमा लगाए । उनीहरूको देदिप्यमान उदाहरणहरूको दृढतापूर्वक पछ्दै हामीले यस मार्क्सवादी सैद्धान्तिक अस्त्रको प्रयोगमा महारथ हासिल गर्नका निम्ति समाजवादी क्रान्ति र समाजवाद निर्माणका लागि र विश्वभरमा कम्युनिज्मको स्थापनाका निम्ति सङ्घर्ष गर्नु पर्दछ ।

अध्ययनका निम्ति मुख्य सन्दर्भ :

मार्क्स, 'राजनीतिक अर्थशास्त्रको आलोचना' भूमिका एङ्गेल्स, 'ड्युहरिङ मतखण्डन' भाग दुई अध्याय एक लेनिन, 'कार्ल मार्क्स' ('मार्क्सका आर्थिक सिद्धान्त') माओ, 'अन्तरविरोधका बारेमा' चौथो भाग माओ, 'जनताका बीचका अन्तरविरोधहरूलाई सही ढङ्गबाट हल गर्ने बारेमा'

समीक्षात्मक प्रश्न

१) राजनीतिक अर्थशास्त्र किन वर्गसङ्घर्षको विज्ञान हो ?

२) हामीले यो किन भन्दछौँ- मार्क्सवादी राजनीतिक अर्थशास्त्र पार्टीको आधार भूत कार्यदिशाका निम्ति एउटा महत्वपूर्ण सैद्धान्तिक आधार हो ?

३) राजनीतिक अर्थशास्त्रलाई राम्रोसँग कसरी सिक्न सकिन्छ ?

टिप्पणीहरू

१. एङ्गेल्स, 'कार्ल मार्क्स राजनीतिक अर्थशास्त्रको आलोचना' मार्क्स-एङ्गेल्सका चुनिएका कृतिहरू, खण्ड दुई चिनियाँ संस्करण १९७२, पृष्ठ १२३
२. 'व्यवहारका बारेमा' माओ त्सेतुङका चुनिएका रचनाहरू, खण्ड १ चिनियाँ संस्करण १९६८, पृष्ठ १५९
३. मार्क्स, उजरिँदो श्रम र पुँजी, मार्क्स- एङ्गेल्सका चुनिएका कृतिहरू, खण्ड १, चिनियाँ संस्करण
४. 'दीर्घकालीन युद्धका बारेमा' माओ त्सेतुङका सङ्कलित रचनाहरू खण्ड २ चिनियाँ संस्करण, १९७२ पृष्ठ ३६२
५. 'इतिहासको आदर्शवादी अवधारणाको दिवालियापन', माओ त्सेतुङका सङ्कलित रचनाहरू, खण्ड ४, चिनियाँ संस्करण १९६८, पृष्ठ ४३७
६.मार्क्स, 'राजनीतिक अर्थशास्त्रको आलोचनाको भूमिका' मार्क्स- एङ्गेल्सका चुनिएका कृतिहरू, खण्ड २, चिनियाँ संस्करण, १९७२ पृष्ठ, ८२१
७. ऐ. पृष्ठ ८३१
८. स्टालिन, 'मार्क्सवाद र भाषाशास्त्रका समस्याहरू', चिनियाँ संस्करण १९७१, पृष्ठ ४१
९. मार्क्स, पुँजी खण्ड १ मार्क्स- एङ्गेल्सका सम्पूर्ण कृतिहरू खण्ड २३ पृ. ९३१-८३२
१०. 'कार्ल मार्क्स', लेनिनका सङ्कलित रचनाहरू खण्ड २, चिनियाँ संस्करण १९७२, पृष्ठ ५९९
११. 'चिनियाँ कम्युनिस्ट पार्टीको संविधान', चिनियाँ कम्युनिस्ट पार्टीको दसौँ काङ्ग्रेसका दस्तावेज, चिनियाँ संस्करण १९७३, पृ. ४४
१२. मार्क्स, 'पुँजीको दोस्रो संस्करणको उपसंहार' मार्क्स- एङ्गेल्सका सम्पूर्ण कृतिहरू खण्ड २३, पृ २४
१३. 'पार्टीको कार्यशैलीमा सुधार गर' माओ त्सेतुङका सङ्कलित रचनाहरू खण्ड ३, चिनियाँ संस्करण १९६८, पृ. ७७३
१४. 'व्यवहारका बारेमा' माओ त्सेतुङका सङ्कलित रचनाहरू खण्ड १, चिनियाँ संस्करण १९६८, पृ. २६८
१५. 'चिनियाँ क्रान्तिकारी युद्धका रणनीतिक समस्याहरू' माओ त्सेतुङका सङ्कलित रचनाहरू खण्ड १, चिनियाँ संस्करण १९७८, पृ. १६५
१६. मार्क्स, पुँजीको फ्रान्सेली संस्करणको भूमिका, मार्क्स- एङ्गेल्सका सम्पूर्ण कृतिहरू, खण्ड २३, पृ. २६

## हत्यारालाई कारबाही ...

साह र सत्यनारायण मिश्रलाई तत्काल निलम्बन गरी फौजदारी अभियोगमा मुद्दा चलाउन सरकारलाई सिफारिस गरेको छ। यस्तै प्रहरी निरीक्षक किरणप्रसाद न्यौपाने र प्रहरी नायबनिरीक्षक सूर्यकुमार कार्कीलाई मुचुल्का उठाउँदा त्रुटि गरेकाले सचेत गराउन सरकार र नेपाल प्रहरीलाई सिफारिस गरिएको छ । यस्तै प्रहरीलाई निर्देशन दिने तथा कर्मचारीलाई आदेश दिने अधिकारी तथा दुरुत्साहन गर्ने व्यक्तिमाथिसमेत अनुसन्धान गरी कानुनी दायरामा ल्याई कानुनबमोजिम कारबाही गर्न आयोगले सिफारिस गरेको छ ।

पौडलको शव परीक्षणका क्रममा न्यूनतम् प्रक्रियासमेत पूरा नगरेकोमा जिल्ला अस्पताल सर्लाहीका तत्कालीन डाक्टर वीरेन्द्रकुमार मण्डललाई सचेत गराउन पनि आयोगले सिफारिस गरेको छ। यसअघि पौडेल परिवारले पनि हत्या गरिसकेपछिको शव अलपत्र र गलेको अवस्थामा भुइँमै फालिएको भन्दै न्यूनतम् प्रक्रियासमेत पूरा नगरेको बताउँदै आएका थिए। साथै पौडेलका परिवारले पौडेललाई हत्या गर्न काठमाडौँबाटै विशेष टोली गएको, त्यसका लागि ६ करोड रकम छुट्याएर मारिएको र यसमा प्रहरी प्रमुख सर्वेन्द्र खनाल, गृहमन्त्री रामबहादुर थापा र स्थानीय मेयर भरत थापालाई समेत कारबाहीको माग गर्दै आएका छन् ।

मानवअधिकार आयोगको प्रतिवेदनअनुसार पौडेललाई इन्काउन्टरमा मारिएको नभई विशेष ब्युरोबाट खटिएका ४ जना प्रहरी संलग्न रहेको उल्लेख छ।

आयोगका सचिव वेदप्रसाद भट्टराईद्वारा सोमबारको बैठकपछि जारी प्रेसविज्ञप्तिमा प्रहरी प्रधान कार्यालयबाट खटिएका र २ नम्बर प्रदेश प्रहरी कार्यालयको समन्वयमा परिचालित प्रहरीले पौडेललाई नियन्त्रणमा लिएर अनावश्यक बल प्रयोग गरी ९ वटा गोली हानी मारिएको र प्रहरीले दाबी गरेजस्तो दोहोरो भिडन्त वा आत्मरक्षाको अवस्था नभएको उल्लेख छ। पौडेल परिवारले पनि दोहोरो मुठभेडमा मारिएका व्यक्तिको पैतालाबाट हानिएको गोली तिघ्राबाट कसरी निस्कन्छ भन्दै नियन्त्रणमा लिएर मारिएको दाबी गर्दै आएका छन्।

आयोगको विज्ञप्तिमा घटनाको निष्पक्ष अनुसन्धान नभएको र घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का तयार गर्दा कानुनी र चिकित्सकीय दृष्टिकोणबाट समेत त्रुटि भएको उल्लेख छ। साथै व्यक्तिको बाँच्न पाउने अधिकार हनन भएको भन्दै पौडेलका परिवारलाई मानवअधिकार आयोगको ऐन ०६८ को प्रावधानअनुसार ३ लाख रुपैयाँ क्षतिपूर्ति दिन सरकारलाई माग गरेको छ । नेकपाका ब्युरो सदस्य तत्कालीन सर्लाही इन्चार्ज कुमार पौडेललाई गत असारमा सर्लाहीको लखन्ती खोलानजिक हत्या गरिएको थियो।

## नेकपाद्वारा ...

गिरफ्तार गरेको विरोधमा नेकपाले कात्तिक ३ गते देशव्यापी जुलुस प्रदर्शन, कात्तिक ५ गते कोणसभा र पिँढीसभा, कात्तिक ७ गते प्रधानमन्त्री केपी वलीको पुतला दहन, कात्तिक ९ गते विरोध प्रदर्शन, कात्तिक १५ गते मशाल जुलुस र कात्तिक १७ गते आइतबार बिहान १० बजेदेखि ११ बजेसम्म चक्काजाम गर्ने सङ्घर्षका कार्यक्रम घोषणा गरेको थियो।

पार्टी महासचिव विप्लवले सामाजिक फासिवादी केपी-पीके सरकारले पार्टीको राप्ती ब्युरोको बैठक तथा राजनीतिक प्रशिक्षण भइरहेको ठाउँबाट हतियारधारी सुरक्षा फौजले सङ्कटकाललाई बिर्साउने गरी केन्द्रीय सदस्य तथा मध्यपश्चिम कमान्ड इन्चार्ज वीरजङ्ग, राप्ती ब्युरो इन्चार्ज सुवास, ब्युरो सदस्यहरू सविन, युवा सङ्गठनका अध्यक्ष पाटन, बेपत्ता योद्धा परिवार समाजका अध्यक्ष सुन्दर, रुकुम इन्चार्ज चन्द्र, रोल्पा इन्चार्ज सन्तोष, दाङ इन्चार्ज विक्रम, सल्यान इन्चार्ज विश्वसहित दुई दर्जन नेता तथा कार्यकर्ताहरूलाई रातको २ बजे गिरफ्तार गरेकोमा घोर आपत्ति गर्दै तत्काल रिहा नगरिए कडा प्रतिरोध गरिने चेतावनी दिएका थिए । त्यसपछि पार्टीले सङ्घर्ष घोषणा गरेको थियो।

प्राप्त समाचारअनुसार काठमाडौं, भक्तपुर र ललितपुरका विभिन्न ठाउँमा नाराबाजी र विरोधसभा सम्पन्न गरिएको छ। विरोध प्रदर्शनमा प्रमुख बक्ता खेम प्रधानले 'दलाल फासिवादी सरकारले अब पनि गिरफ्तार गरिएका पार्टीका नेता-कार्यकर्ता बिनासर्त रिहा नगरे आगामी दिनमा झन् सशक्त रूपमा अगाडि बढ्ने, यस्ता गतिविधि नरोके भौतिक रूपमा नै अघि बढ्न तयार भइसकेको' बताएका थिए।

कार्यक्रममा 'दलाल फासिवादी पीके सरकार मुर्दावाद, गिरफ्तार नेता-कार्यकर्तालाई रिहा गर, वैज्ञानिक समाजवाद स्थापना गरौँ, एकीकृत जनक्रान्ति जिन्दावाद' लगायत नारा लगाएका थिए।

# एमबीबीएस र बीडीएसमा गरिएको शुल्कवृद्धिविरुद्ध प्रतिरोध गर्ने अखिल क्रान्तिकारीको घोषणा

■ **रातो खबर संवाददाता**/काठमाडौं

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) केन्द्रीय समितिले सरकारले एमबीबीएस र बीडीएसमा गरिएको शुल्कवृद्धिविरुद्ध प्रतिरोध गर्ने घोषणा गरेको छ। सङ्गठनका अध्यक्ष चिरञ्जीवी ढकालले प्रेस विज्ञप्ति जारी गर्दै उक्त घोषणा गरेका हुन् ।

ढकालद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'चिकित्सा शिक्षा आयोगको निर्णय भन्दै एमबीबीएस र बीडीएसमा शिक्षण शुल्क बढाइएकोप्रति हाम्रो सङ्गठनको गम्भीर ध्यानाकर्षण भएको छ । चिकित्सा शिक्षा आयोगका भ्रष्ट कर्मचारी, त्रिवि प्रशासन, भ्रष्ट शिक्षामन्त्री र उसका कर्मचारी, मेडिकल शिक्षाका माफियाहरूसमेतको मिलोमतोमा एमबीबीएसमा झन्डै २ लाख र बीडीएसमा झन्डै १ लाख शुल्क बढाइएको छ। मेडिकल शिक्षाका माफियाहरूलाई पोस्ने र त्यसबाट आफूलाई मनग्गे कमिसन प्राप्त हुने योजनाका साथ बढाइएको शुल्कले कम्युनिस्टको बर्को ओढेर शिक्षा, स्वास्थ्यजस्तो गम्भीर विषयमा माफियाहरूको पुच्छर बनेको वर्तमान दलाल केपी वली सरकारको शिक्षा र स्वास्थ्यप्रतिको नीति र व्यवहार फेरि एकपटक उदाङ्गिएको छ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'कथित संविधानमा शिक्षा र स्वास्थ्यलाई मौलिक हकका रूपमा लेखेर पनि त्यसको कार्यान्वयनमा न्यूनतम् पनि नैतिकता प्रदर्शन नगर्नु वली सरकारको दलाल, नोकरशाही र सामन्ती चरित्रलाई प्रस्ट पारेको छ। मेडिकल माफियाहरूले मनोमानी ढङ्गले शुल्क आसुलिरहेको तथ्य थाहा पाउँदापाउँदै कारबाही गर्नुको सट्टा उल्टो अभिभावक विद्यार्थीहरूलाई लुटेर तिनै माफिया पोस्ने निर्णय अत्यन्तै दर्दनाक, दुःखद् र घृणायोग्य छ। यी दलालहरू आफैँले ल्याप्चे लगाएको संविधान र चिकित्सा शिक्षा ऐनविपरीत बढाइएको शुल्क तत्काल खारेज गर्न हामी यो प्रक्रियामा संलग्न भ्रष्टहरूलाई चेतावनी दिन चाहन्छौं।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'नेपालमा करिब ९५ प्रतिशत विद्यार्थी आर्थिक अवस्थाकै कारणले चिकित्सा शिक्षाबाट सुरुमै प्रवेश पाउँदैनन्, के यो कुरा दलाल सरकारलाई थाहा छैन ? चिकित्सा शिक्षामा बढाइएको शुल्कको विरोधमा उत्रँदै शिक्षाविद् तथा बुद्धिजीवीहरूले आफ्नो बुद्धि, बहादुरी देखाउँदै शिक्षाविद्को पगरीको जगेर्ना गर्न सविनय अनुरोध छ। नेपालका लाखौँलाख विद्यार्थीको भविष्यमाथि खेलबाड गर्दै बढाइएको शुल्क तत्काल फिर्ता गर्नका लागि एकताबद्ध भई आन्दोलनमा उत्रनका लागि सम्पूर्ण विद्यार्थी सङ्गठन, अभिभावक, शिक्षक, विद्यार्थी सबैमा हाम्रो सङ्गठन अपिल गर्दछ। साथै उक्त निर्णयको सशक्त प्रतिवाद गर्न हाम्रो सङ्गठनका सम्पूर्ण कमरेडहरूमा विशेष अपिल गर्दछौं।'

## युवा सङ्गठनद्वारा गिरफ्तार नेता-कार्यकर्ता रिहाइको माग

नेपाल कम्युनिस्ट पार्टीनिकट युवा सङ्गठन नेपालले आफ्नो सङ्गठनका केन्द्रीय अध्यक्ष पाटन जङ्गलीलगायत बिहीबार दाङबाट गिरफ्तार गरिएका नेता-कार्यकर्ताहरूलाई तत्काल बिनासर्त रिहा गर्न माग गरेको छ। सङ्गठनले उक्त गिरफ्तारीको घोर निन्दा एवम् भर्त्सना गरेको छ। सङ्गठनका उपाध्यक्ष दिनेश र महासचिव सागरले शुक्रबार प्रेसविज्ञप्ति जारी गरी गिरफ्तार गरिएका आफ्नो सङ्गठनका अध्यक्ष पाटन जङ्गलीसहित सबै नेता-कार्यकर्ताहरूलाई रिहा गर्न सरकारसँग माग गरेका हुन् ।

उपाध्यक्ष दिनेश र महासचिव सागरले जारी गरेको विज्ञप्तिमा दाङको राजपुर गाउँपालिका वडा नं ४ मा नेपाल कम्युनिस्ट पार्टी राप्ती ब्युरोको बैठक बसिरहेको बेला कथित कम्युनिस्ट सरकारको गृह प्रशासनले २१ जना नेता-कार्यकर्तालाई गिरफ्तार गरेको भन्दै फासिस्ट, दलाल, जनविरोधी केपी-प्रचण्डको सरकारले गिरफ्तार गरिएकाहरूलाई रिहा नगरे त्यसबाट उत्पन्न हुने जुनसुकैखालको परिणामको जिम्मेवारी लिनुपर्ने चेतावनी दिइएको छ।

## नेकपाका नेता श्रेष्ठ रिहा

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीका तत्कालीन कोसी ब्युरो संयोजक घनश्याम श्रेष्ठ 'पुष्कर' रिहा भएका छन् । शुक्रबार मोरङ जिल्ला अदालतको आदेशपछि श्रेष्ठ साधारण तारेखमा रिहा भएका हुन् । यसअघि सर्वोच्च अदालतको गेटबाटै गिरफ्तार गरेर प्रहरीले श्रेष्ठलाई मोरङ पुऱ्याएको थियो ।

बुधबार सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिटमा भएको बहसपछि अदालतले श्रेष्ठलाई रिहा गर्न आदेश दिएको थियो तर प्रहरीले उनलाई अदालतको गेटबाटै गिरफ्तार गरेर मोरङ पुऱ्याएको थियो ।

ओखलढुङ्गा घर भएका श्रेष्ठलाई चैत १० गते प्रहरीले मोरङको कानेपोखरीबाट गिरफ्तार गरेको थियो। त्यसपछि उनलाई अदालतले पटकपटक रिहा गर्न आदेश दिए पनि प्रहरीले गिरफ्तार गर्दै आएको थियो ।

## असलको घरमा प्रहरीको छापा, फेरि टाँसियो पक्राउ पुर्जी

**सल्यान** : नेकपाका तत्कालीन केन्द्रीय सदस्य चन्द्रबहादुर खड्का 'असल' को घरमा प्रहरीले छापामारेको छ । सल्यानको दार्मा गाउँपालिका ५ बछेलामा पर्ने असलको घरमा प्रहरीले लगातार तीन दिन छापामारेको उनको परिवारले जनाएको छ।

शुक्रबार बिहान एक्कासि प्रहरीले घर घेरा हालेर कोठाकोठामा छापामारेको असलकी आमाले बताइन् । उनले भनिन्, 'यहाँ दिनदिनै प्रहरी आइरहन्छ । हिजो त घरका पूरै कोठा सर्च गऱ्यो । पहिले खसी किन्न आएका हौँ भनेर घर हेर्थे । हिजो त एक्कासि घर घेरा हालेर कोठा सर्च गरे।'

प्रहरीले घरमा असोज ३० गते बुधबार असलविरुद्ध पक्राउ पुर्जी टाँसेको छ । यसअघि असोज १२ गते बम विस्फोटको आरोप लगाई ३५ दिने पक्राउ पुर्जी टाँसेको प्रहरीले यसपटक अभद्र व्यवहारको आरोपमा १५ दिने पक्राउ पुर्जी टाँसेको छ।

जिल्ला प्रशासन कार्यालय काठमाडौँबाट २०७६ भदौ १३ गते जारी भएको पक्राउ पुर्जी असोज ३० गते टाँसिएको हो ।

## उपनिर्वाचन बहिष्कार गर्ने माओवादी केन्द्रको निर्णय

**काठमाडौँ** : नेकपा (माओवादी केन्द्र) ले उपनिर्वाचन सशक्त रुपमा बहिष्कार गर्ने निर्णय गरेको छ । काठमाडौँमा तीन दिनसम्म चलेको बैठकले मङ्सिर १४ गते हुने भनिएको उपनिर्वाचन 'शान्ति र समाजवादविरोधी' भएको निष्कर्ष निकाल्दै बहिष्कार गर्ने निर्णय गरेको हो ।

माओवादी केन्द्रको सचिवालय र पोलिटब्युरो बैठकले छलफलसहित ल्याएको निर्वाचन र सङ्घर्षसम्बन्धी कार्यक्रमलाई केन्द्रीय समिति बैठकमा भएको छलफलपछि उपनिर्वाचन बहिष्कार गर्ने निर्णय गरेको हो ।

बैठकमा चुनाव बहिष्कारसहित राष्ट्रियता र जनजीविकाका सवालमा विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी र मोहन वैद्य नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) सँग सहकार्य गर्ने विषयमा छलफल भएको थियो ।

यस्तै माओवादी केन्द्रले वर्तमान सरकारले राजनीतिक दलहरूमाथि निषेध, प्रतिबन्ध तथा दमनकारी, फासिवादी गतिविधि बढाउँदै गएको ठहर बैठकले गरेको छ।

## सङ्गठन सुदृढीकरणमा सम्पर्क मञ्च

**काठमाडौँ** : जनगणतान्त्रिक सम्पर्क मञ्चले सरकारी दमन र प्रतिबन्ध तोड्दै सङ्गठन सुदृढीकरण र विस्तार गरिरहेको जनाएको छ। सम्पर्क मञ्चले विभिन्न जिल्लाबाट काठमाडौँ आएकाहरूलाई सङ्गठित गर्नका लागि जनगणतान्त्रिक सम्पर्क समन्वय समितिअन्तर्गत विभिन्न जिल्लाहरूको भेला सम्पन्न गरेको छ जसअन्तर्गत हालै तेह्रथुम-काठमाडौँको भेला सम्पन्न गरेको छ। भेलाले कृष्ण निरौलाको संयोजकत्वमा ११ सदस्यीय समित गठन गरेको छ । सदस्यहरूमा भीम निरौला, राजु भट्टराई, अर्जुन गुरुङ, भानु निरौला, सुमन कार्की चयन भएका छन् ।

यस्तै गणतान्त्रिक सम्पर्क मञ्चअन्तर्गत मकवानपुर-काठमाडौँको भेला सम्पन्न भएको छ । भेलाले दीपक रानामगरको संयोजकत्वमा ११ सदस्यीय समिति चयन गरेको छ । सदस्यहरूमा धर्मराज बल, किरणसिंह ठकुरी, शिव चौधरी, सोमलाल लामासहित ११ जना चयन भएका छन् ।

यस्तै बारा-काठमाडौँको पनि भेला सम्पन्न भएको छ। भेलाले योगराज वाग्लेलाई संयोजक चयन गरेको छ । सदस्यहरूमा हरि तामाङ, योगमाया राई, धर्मराज श्रेष्ठ, किरण मगर, शिव भोटे रहेका छन्। सबै भेलाहरू सम्पर्क मञ्चका केन्द्रीय अध्यक्ष रत्न मगरको उपस्थितिमा सम्पन्न भएको थियो भने सञ्चालन खेम प्रधानले गरेका थिए।

शुभकामना

@)&^ ;fnsf]a8f bz}+ze bLkfjnL tyf 57 kj{sf]kfjg
cj;/df ;DkÚ0f{bfhef0 tyf lbbLalxgLx¿df xflb{s
d+undo zesfdgf JoQm ub{5f}F

HAPPY VIJAYA DASHAMI

उद्धवप्रसाद खरेल, नगरप्रमुख

www.eratokhabar.com

बुढानिलकण्ठ, नगरपालिका
काठमाडौं

**नगरपालिका कार्यालयको अनुरोध**

- जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, सम्बन्ध विच्छेद एवम् बसाईसराई जस्ता व्यक्तिगत घटना ३५ दिनभित्रमा दर्ता गराऔं ।
- छोराछोरी दुवैलाई विद्यालय पठाऔं ।
- प्रत्येक घरमा शौचालय बनाई राष्ट्रिय अभियानलाई सहयोग पुऱ्याऔं ।
- विभिन्न स्थानबाट निस्किएका फोहोरमैला तोकिएको स्थानमा राखौं र संकलन गर्न आउने गाडीमा सुरक्षित तरिकाले फालौं ।
- समयमै कर शुल्क भुक्तानी गरौं, विकास निर्माणमा सहभागी बनौं ।
- रुख रोपौं, वातावरण संरक्षण गरौं । निषेधित क्षेत्रबाट ढुंगा, गिटी तथा बालुवा ननिकालौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन निर्माण संहिता नगरपालिकामा नक्सापास गरेर मात्र घर निर्माण गरौं ।

साथै

**२०७६ सालको बडादशैं, शुभ-दीपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुमा हार्दिक शुभकामना ।**

**गोलबजार नगरपालिकाको कार्यालय**
सिरहा

**नगरपालिका कार्यालयको अनुरोध**

- जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, सम्बन्ध विच्छेद एवम् बसाईसराई जस्ता व्यक्तिगत घटना ३५ दिनभित्रमा दर्ता गराऔं ।
- छोराछोरी दुवैलाई विद्यालय पठाऔं ।
- प्रत्येक घरमा शौचालय बनाई राष्ट्रिय अभियानलाई सहयोग पुऱ्याऔं ।
- विभिन्न स्थानबाट निस्किएका फोहोरमैला तोकिएको स्थानमा राखौं र संकलन गर्न आउने गाडीमा सुरक्षित तरिकाले फालौं ।
- समयमै कर शुल्क भुक्तानी गरौं, विकास निर्माणमा सहभागी बनौं ।
- रुख रोपौं, वातावरण संरक्षण गरौं । निषेधित क्षेत्रबाट ढुंगा, गिटी तथा बालुवा ननिकालौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन निर्माण संहिता नगरपालिकामा नक्सापास गरेर मात्र घर निर्माण गरौं ।

साथै

**२०७६ सालको बडादशैं, शुभ-दीपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुमा हार्दिक शुभकामना ।**

**धनगढी नगरपालिकाको कार्यालय**
सिरहा

**गाउँपालिका कार्यालयको अनुरोध**

- जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, सम्बन्ध विच्छेद एवम् बसाईसराई जस्ता व्यक्तिगत घटना ३५ दिनभित्रमा दर्ता गराऔं ।
- छोराछोरी दुवैलाई विद्यालय पठाऔं ।
- प्रत्येक घरमा शौचालय बनाई राष्ट्रिय अभियानलाई सहयोग पुऱ्याऔं ।
- विभिन्न स्थानबाट निस्किएका फोहोरमैला तोकिएको स्थानमा राखौं र संकलन गर्न आउने गाडीमा सुरक्षित तरिकाले फालौं ।
- समयमै कर शुल्क भुक्तानी गरौं, विकास निर्माणमा सहभागी बनौं ।
- रुख रोपौं, वातावरण संरक्षण गरौं । निषेधित क्षेत्रबाट ढुंगा, गिटी तथा बालुवा ननिकालौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन निर्माण नक्सापास गरेर मात्र घर निर्माण गरौं ।

साथै

**२०७६ सालको बडादशैं, शुभ-दीपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुमा हार्दिक शुभकामना ।**

**बटेश्वर गाउँपालिकाको कार्यालय**
धनुषा

**नगरपालिका कार्यालयको अनुरोध**

- जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, सम्बन्ध विच्छेद एवम् बसाईसराई जस्ता व्यक्तिगत घटना ३५ दिनभित्रमा दर्ता गराऔं ।
- छोराछोरी दुवैलाई विद्यालय पठाऔं ।
- प्रत्येक घरमा शौचालय बनाई राष्ट्रिय अभियानलाई सहयोग पुऱ्याऔं ।
- विभिन्न स्थानबाट निस्किएका फोहोरमैला तोकिएको स्थानमा राखौं र संकलन गर्न आउने गाडीमा सुरक्षित तरिकाले फालौं ।
- समयमै कर शुल्क भुक्तानी गरौं, विकास निर्माणमा सहभागी बनौं ।
- रुख रोपौं, वातावरण संरक्षण गरौं । निषेधित क्षेत्रबाट ढुंगा, गिटी तथा बालुवा ननिकालौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन निर्माण संहिता नगरपालिकामा नक्सापास गरेर मात्र घर निर्माण गरौं ।

साथै

**२०७६ सालको बडादशैं, शुभ-दीपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुमा हार्दिक शुभकामना ।**

**मिथिला नगरपालिकाको कार्यालय**
धनुषा

**नगरपालिका कार्यालयको अनुरोध**

- जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, सम्बन्ध विच्छेद एवम् बसाईसराई जस्ता व्यक्तिगत घटना ३५ दिनभित्रमा दर्ता गराऔं ।
- छोराछोरी दुवैलाई विद्यालय पठाऔं ।
- प्रत्येक घरमा शौचालय बनाई राष्ट्रिय अभियानलाई सहयोग पुऱ्याऔं ।
- विभिन्न स्थानबाट निस्किएका फोहोरमैला तोकिएको स्थानमा राखौं र संकलन गर्न आउने गाडीमा सुरक्षित तरिकाले फालौं ।
- समयमै कर शुल्क भुक्तानी गरौं, विकास निर्माणमा सहभागी बनौं ।
- रुख रोपौं, वातावरण संरक्षण गरौं । निषेधित क्षेत्रबाट ढुंगा, गिटी तथा बालुवा ननिकालौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन निर्माण संहिता नगरपालिकामा नक्सापास गरेर मात्र घर निर्माण गरौं ।

साथै

**२०७६ सालको बडादशैं, शुभ-दीपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुमा हार्दिक शुभकामना ।**

**गणेशमान-चारनाथ नगरपालिकाको कार्यालय**
धनुषा

वर्ष ५, अङ्क १८, पूर्णाङ्क २१३ रातो खबर साप्ताहिक

# एकीकृत जनक्रान्तिको सैन्य कार्यदिशा

दीपक

**आरम्भ**

हामीले नेपाली क्रान्तिको सैन्य कार्यदिशालाई ‘ एकीकृत सैन्य रणनीति’ का नाममा संश्लेषण गरेका छौँ । यो रणनीतिलाई हामीले विगत सर्वहारा वर्गले प्रयोग ‘गरेका अल्पकालीन विद्रोह’ र ‘दीर्घकालीन जनयुद्ध’ का दुई फरक रणनीतिहरूको एकीकृत स्वरूप बताएका छौँ । दीर्घकालीन जनयुद्ध र अल्पकालीन सशस्त्र विद्रोहलाई सर्वहारा वर्गका फरकफरक सैन्य रणनीतिका रूपमा प्रयोग हुँदै आएको पृष्ठभूमिमा हामीले एकीकृत रणनीतिको बहस अघि बढाउँदा कम्युनिस्ट आन्दोलनमा एउटा स्वाभाविक तरङ्ग पैदा भएको छ।

प्रत्येक नयाँ विषयमा सकारात्मक वा नकारात्मक जुन कुनै पनि कोणबाट बहस हुनु स्वाभाविक र आवश्यक दुवै हुन्छ । तर कतिपय मित्रहरूले हाम्रो यो संश्लेषणबारे साह्रै रुखो पाराले भन्ने गरेका छन्, ‘दीर्घकालीन जनयुद्ध र सशस्त्र विद्रोहभन्दा बाहिर अर्को कुनै पनि कार्यदिशा वा सिद्धान्त हुनै सक्दैन। कोही कसैले भनेमा त्यो गैह्रमार्क्सवाद हो। ’उनीहरू अझै अगाडि बढेर तर्कना गर्छन्- ‘एकीकृत सैन्य रणनीति केवल एउटा रहस्य मात्र हो। यो सारसङ्ग्रह हो। अन्ततः यो विसर्जन हो।’

हरेक सिद्धान्तको जन्म रहस्यकै गर्भबाट हुने गर्दछ । त्यो त्यति बेलासम्म रहस्यको विषय बनिरहन्छ जति बेलासम्म त्यसलाई यथार्थको धर्तीमा पाइला टेक्न दिइँदैन वा टेक्न सक्दैन। आजको प्रकृति विज्ञानले के कुरा प्रमाणित गरिसकेको छ भने पदार्थको गति सापेक्षित हुन्छ। अतः प्रत्येक वस्तुको गति अनुमान नहुँदासम्म र त्यसको परिचालनसम्बन्धी नियमहरू पत्तो नलाग्दासम्म त्यो मानिसहरूका लागि रहस्यकै विषय हुने गर्दछ। विज्ञानका हरेक सिद्धान्तहरूको जन्म यसैगरी हुने गरेको आजसम्मको इतिहास छ । यो अर्थमा एकीकृत सैन्य रणनीतिप्रति आश्चर्य प्रकट गरिनु ठीकै हो। हाम्रा मित्रहरूले एकीकृत सैन्य रणनीतिको गति तथा यसको परिचालनसम्बन्धी नियमहरू अझैं बुझ्नसकेका छैनन् । त्यसैले उनीहरूका लागि यो रहस्यको विषय बनेको छ। हामी एकीकृत सैन्य रणनीतिका बारे मित्रहरू र धेरैभन्दा धेरै जनतालाई बुझाउन चाहन्छौँ। यो हाम्रो पार्टीको अहम् कर्तव्य पनि हो।

**एकीकृत सैन्य रणनीतिको पृष्ठभूमि**

एकीकृत सैन्य रणनीतिको गर्भाधारण वास्तवमा २०५७ सालमा भएको हो । तत्कालीन माओवादी जनयुद्ध प्रहरी शक्तिका विरुद्ध निर्णायक लडाइँ लडिरहेको बेला थियो त्यो । त्यो बेला प्रहरी शक्तिले ठूलो पराजय बेहोरिरहेको थियो। प्रहरीको उक्त पराजय जनयुद्धका लागि झन् ठूलो चुनौतीको निम्तो भइरहेको थियो । किनकि प्रहरी शक्ति पराजित भएमा त्यसको ठाउँमा शाही नेपाली सेनाको आगमन हुन जान्थ्यो। शाहीसेना प्रहरी शक्तिभन्दा अझ सशक्त थियो। उक्त सम्भावित, कठिन, अन्तिम तर अनिवार्य चुनौतीलाई ध्यानमा राखेर तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को दोस्रो राष्ट्रिय सम्मेलनले जनयुद्धको सैन्य रणनीतिमा विकासका लागि केही नयाँ अवधारणा अघि बढायो । सम्मेलनको दस्ताबेजमा विश्वपरिस्थितिको ब्याख्या गर्दै दीर्घकालीन जनयुद्ध र अल्पकालीन विद्रोहको रणनीतिमा थप विकास गर्नुपर्ने तर्क गरियो। यी दुई रणनीतिहरूको एकीकृत परिचालन गर्नुपर्ने धारणा अघि बढाइयो । यसवारे दस्ताबेजमा भनिएको छ, ‘शीतयुद्धको समाप्ति, कथित एकध्रुवीय साम्राज्यवादी विश्वको अवस्था, भूमण्डलीकरणका नाममा तेस्रो विश्वका उत्पीडित राष्ट्रहरूमा कायम हुन गएको साम्राज्यवादी पुँजीको प्रमुख उदारीकरण र निजीकरणका नाममा विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष ९क्ष्ँ० लगायत आर्थिक संस्थामार्फत तेस्रो विश्वका प्रत्येक देशको अर्थतन्त्रमाथि कायम गराइएको प्रत्यक्ष नियन्त्रण, इलेक्ट्रोनिकलगायत सूचना प्रविधि एवम् विज्ञानमा भएका विकासका आधारमा साम्राज्यवादले तयार पारेका विश्व फौजी रणनीति आदिको प्रभावले २१ औं शताब्दीमा जनयुद्धको फौजी रणनीतिका बारेमा सर्वहारावर्गले पनि अझ माथि उठेर संश्लेषण गर्नु अनिवार्य भएको छ । वस्तुतः यो नयाँ परिस्थितिले सामान्यतः बीसौं शताब्दीको ८० को दशकसम्म आमविद्रोह र दीर्घकालीन जनयुद्धको रणनैतिक भेदको प्रकृतिमा आएको परिवर्तनलाई स्पष्ट सङ्केत गर्दछ।’

उक्त प्रतिवेदनले अझैं अगाडि भनेको छ, ‘आज पनि विकसित साम्राज्यवादी मुलुकहरूका निमित्त आमविद्रोह र तेस्रो विश्वका उत्पीडित देशहरूका लागि दीर्घकालीन जनयुद्धकै बाटो अवलम्बन गर्न अनिवार्य छ तर विश्व-परिस्थितिमा आएको उपरोक्त प्रकारको परिवर्तनले दीर्घकालीन जनयुद्धमा आमविद्रोह र आमविद्रोहमा दीर्घकालीन जनयुद्धका विशेषताहरू एकअर्कोमा घनिष्ठ रूपले जोडिने र जोड्नैपर्ने स्थिति सिर्जना भएको छ।’

राष्ट्रिय सम्मेलनद्वारा निचोड गरिएको त्यसखाले फौजी रणनीतिलाई ‘फ्युजन’ को नामकरण गरिएको थियो । त्यही अवधारणाअन्तर्गत रहेर माओवादी पार्टी जनयुद्धका पछिल्ला योजनाहरूको सफल कार्यान्वयन गर्दै अघि बढ्यो। जनयुद्ध जब विजयका शृङ्खलाहरू पार गर्दै अघि बढ्यो स्वयम्ले पैदा गरेका असाधारण तर स्वाभाविक चुनौतीहरू सतहमा देखापर्न थाले । दरबार हत्याकाण्ड (२०५८ जेठ १९) त्यस्तै एक अकल्पित परिघटना थियो । दरबार हत्याकाण्डपछि देशमा नयाँ राजनीतिक ध्रुवीकरणको वातावरण उत्पन्न भयो । दरबार हत्याकाण्डले जनयुद्धको दायरा झन् फराकिलो भयो। सैन्य-राजनीतिक दुवै दृष्टिले साम्राज्यवाद (मुख्यतः भारत) र जनयुद्ध अब आमने-सामने टक्करको स्थितिमा उभिन पुगे जसको परिणाम एउटै लडाइँमा जनमुक्ति सेना र शाही नेपाली सेनाको मानवीय क्षति ५० औं र कहिलेकहीँ त १०० औं को सङ्ख्यामा बढ्न थाल्यो। शाही नेपाली सेनाले जनमुक्ति सेनाको आक्रमणबाट बच्न बलियो किल्लाबन्दी निर्माणको रक्षात्मक रणनीति अपनाउन थाल्यो । तत्पश्चात् बाहिरी पङ्क्तिका लडाइँहरूमा जनमुक्ति सेनाले शाही नेपाली सेनालाई पराजित गरे पनि किल्लाबन्दीको लडाइँमा जनमुक्ति सेना अपेक्षाकृत सफल हुन सकिरहेको थिएन भने उता शाही नेपाली सेनाले किल्लाबन्दीमा जेनतेन आफ्नो सुरक्षा गर्न सके पनि बाहिरी पङ्क्तिमा ठूलो पराजय बेहोर्नु परिरहेको थियो। त्यस बेला माओवादी पार्टीले आफ्नो सैन्य रणनीतिमा अझ परिष्कार ल्याउनुपर्ने हुन जान्थ्यो तर तत्कालीन नेतृत्वले त्यसलाई कुशलतापूर्वक सामना गर्न सकेन, बरु उल्टो चुनौतीसामु घुँडा टेक्न सुरु गऱ्यो र बिस्तारै आत्मसमर्पणको बाटो तय भयो। त्यही यात्राले अन्ततः जनयुद्धलाई विघटनको भुमरीमा धकेलिदियो।

कथित लोकतान्त्रिक गणतन्त्रको दक्षिणपन्थी आहालमा जब मुख्य नेतृत्वलगायत माओवादी आन्दोलनको ठूलो पङ्क्ति डुब्न पुग्यो, त्यसबाट विद्रोह गरेको एउटा पङ्क्तिले माओवादी आन्दोलन पुनर्गठनको पहल गऱ्यो । कमरेड मोहन वैद्य ‘किरण’ को नेतृत्वमा उक्त पुनर्गठन भयो। पुनर्गठित पार्टीले महाधिवेशन गरेर ‘जनयुद्धको जगमा जनविद्रोह’ को कार्यदिशा संश्लेषण गऱ्यो। तर पार्टी पुनर्गठनको एक वर्ष पूरा भइसक्दा पनि क्रान्तिको ठोस पहलकदमी कसरी गर्ने ? भन्नेमा क्रमशः अन्योल र अकर्मण्यता बढ्दै जान थाल्यो । केन्द्रीय समितिको एउटा हिस्साले विद्रोहलाई मुख्य बनाउने र अर्को हिस्साले जनयुद्धलाई मुख्य बनाएर बहस गर्ने स्थिति सुरु भयो।

**एकीकृत जनक्रान्तिको संश्लेषण**

कमसेकम फ्युजनको परिभाषा गर्दा ‘उत्पीडित देशहरूका लागि दीर्घकालीन जनयुद्धकै बाटो अवलम्बन गर्न अनिवार्य छ’ भनिएको थियो जब कि जनयुद्धको जगमा जनविद्रोहको कार्यदिशाले कुनै पनि प्रस्टता दिन सकेन, न त आधारभूत रूपले दीर्घकालीन जनयुद्ध हो भनियो न अल्पकालीन विद्रोह नै । यी दुवैभन्दा फरक रणनीति हो भने त्यसको मोटामोटी स्वरूप कस्तो हुने ? भन्ने पनि स्पष्ट भएन । जनयुद्धको जगमा जनविद्रोहको कार्यदिशालाई एकाथरी कमरेडहरूले संसदीय व्यवस्थामै सहकार्यको सिँढी बनाउन खोजेको करिब सतहमै देखिन थाल्यो । यद्यपि तर्क गर्दा उनीहरूले जनविद्रोहलाई नै बढी जोड दिएर बहस गर्ने गर्थे तर उनीहरूको जनविद्रोह सुदूर भविष्यका लागि माात्र थियो । उनीहरू जनयुद्धको ‘ज’ सम्म उच्चारण गर्न रुचाउँदैनथे । जनयुद्ध भनेको हठात् युद्धमा हामफाल्नु हो भन्ने उनीहरूको कमजोर बुझाइ थियो । जनयुद्ध भनेर तत्कालका लागि जोखिम उठाउनुभन्दा पचासौं वर्ष भए पनि विद्रोहका लागि पर्खनु उनीहरूका लागि क्रान्तिकारिताको कसौटी थियो। यसर्थ जनयुद्धको जगमा जनविद्रोहको संश्लेषणले जब कुनै ठोस दिशानिर्देश गर्न सकेन पार्टीभित्र बहस पेचिलो बन्दै गयो। जनविद्रोहको ढाल ओढेर जब सुधारवादले नवगठित पार्टीलाई किच्न खोज्यो त्यसलाई पन्छाएर फेरि अर्कोपटक माओवादी आन्दोलनको पुनर्गठन भयो। त्यसको नेतृत्व कमरेड नेत्रविक्रम चन्द ‘विप्लव’ ले गर्नुभयो। तत्पश्चात् नै नेपाली क्रान्तिको कार्यदिशालाई ‘एकीकृत जनक्रान्ति’ का नाममा नयाँ संश्लेषण गरियो जसको सैन्य रणनीतिलाई ‘एकीकृत सैन्य रणनीति’ भनियो।

एकीकृत सैन्य रणनीति ‘फ्युजन’ वा ‘जनयुद्धको जगमा जनविद्रोह’ दुवै होईन । एकीकृत जनक्रान्तिलाई ‘फ्युजन’ का रूपमा मात्र बुझियो भने यो ‘आधारभूत रूपले दीर्घकालीन जनयुद्ध’ नै हुनेछ। यद्यपि हिजो फ्युजन आधारभूत रूपले दीर्घकालीन जनयुद्ध नै थियो र त्यो सही पनि थियो। तर आज त्यो अपूर्ण भइसकेको छ। अर्कोतिर एकीकृत जनक्रान्तिलाई ‘जनयुद्धको जगमा जनविद्रोह’ कै रूपमा बुझियो भने त्यो झन् न त आधारभूत रूपले दीर्घकालीन जनयुद्ध हुनेछ न अल्पकालीन जनविद्रोह नै। एकीकृत जनक्रान्ति जनयुद्ध पक्कै हो तर यो दीर्घकालीन जनयुद्ध होइन । एकीकृत जनक्रान्ति विद्रोह पनि हो तर यो परम्परागत विद्रोह पनि होइन । एकीकृत जनक्रान्ति विद्रोहसहितको जनयुद्ध हो। यो जनयुद्धसहितको विद्रोह पनि हो अर्थात् यो विद्रोहात्मक जनयुद्ध हो।

हरेक क्रान्तिको सञ्चालन मुख्यतः कम्युनिस्ट पार्टीको आत्मगत अवस्थाका आधारमा हुने गर्दछ । आत्मगत अवस्था सुदृढ छ भने त्यो बेला विकासोन्मुख वा विकसित कुनै पनि देशमा क्रान्तिको सञ्चालन बिल्कुल सम्भव हुन्छ तर कम्युनिस्ट पार्टीको आत्मगत अवस्था सुदृढ छैन भने विकसित वा विकासोन्मुख कुनै पनि देशमा सयौँ वर्ष पर्खेर पनि न विद्रोह न त दीर्घलालीन जनयुद्ध केही पनि सम्भव हुँदैन।

कम्युनिस्ट पार्टीले सर्वहारा आन्दोलनलाई ‘रणनीतिक श्रेष्ठता’ अन्तर्गत सञ्चालन गर्ने वा ‘कार्यनीतिक श्रेष्ठता’ अन्तर्गत सञ्चालन गर्ने भन्ने विषय मूलतः वस्तुस्थितिको सापेक्षतामा रहेर निर्धारण गर्नुपर्ने भएपछि विकसित देशमा गरिने क्रान्ति रणनीतिक श्रेष्ठताअन्तर्गत मात्र सञ्चालन गरिनुपर्छ भन्नु तथा विकासोन्मुख देशहरूमा गरिने क्रान्ति कार्यनीतिक श्रेष्ठताअन्तर्गत मात्र सञ्चालन गरिनुपर्छ भन्नु अब रूढिवाद हुन्छ। आजको विश्वपरिवेशमा कुनै देश विकासोन्मुख वा विकसित हुनुले मात्र रक्षात्मक वा आक्रामक रणनीतिको निर्धारण हुँदैन । रक्षा र आक्रमण मूलतः आत्मगत स्थितिमा निर्भर गर्दछ । विकासोन्मुख देशको कम्युनिस्ट पार्टीको आत्मगत अवस्था सुदृढ छ भने त्यहाँको क्रान्ति आक्रमणको रणनीतिअन्तर्गत सञ्चालन गर्न सम्भव हुन्छ जब कि विकसित नै भए पनि त्यो देशको कम्युनिस्ट पार्टीको आत्मगत अवस्था कमजोर छ भने त्यहाँको क्रान्ति रक्षात्मक रणनीतिअन्तर्गत सञ्चालन गर्नुपर्ने हुन सक्छ भन्ने कुरालाई पनि अब बोध गर्न जरुरी छ । अतः रक्षा र आक्रमणलाई कम्युनिस्ट पार्टीको आत्मगत अवस्थाका आधारमा परिचालन गर्नु एकीकृत सैन्य रणनीतिको आधारभूत मान्यता हो। यसो हुनुको पहिलो वस्तुगत कारण के हो भने आजको किसान वा मजदुर वर्ग विगतको जस्तो छैन । एउटा किसान ऊ अब भूदास नभएर अर्धबेरोजगार वा अर्धमजदुर बन्न गएको छ। मजदुर वर्ग पनि प्रविधिको विकासका कारण कारखानामा होइन, सडकमा ज्यादा छ । श्रमको अन्तर ाष्ट्रियकरण भएको छ। पुँजीको विश्वव्यापीकरण भएको छ। पुँजीपति वर्गका लागि कुनै पनि देशबाट श्रमशक्ति किन्न सजिलै सम्भव छ।

**एकीकृत जनक्रान्तिका वस्तुगत तत्वहरू**

**१. विज्ञान-प्रविधिको विकास**

आजको युग विज्ञान-प्रविधिको युग हो। विज्ञानले एकपछि अर्को चामत्कारिक विकासहरू गरिरहेको छ। कतिसम्म भने मानिसभन्दा धेरै सोच्न सक्ने कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स) को निर्माण सम्भव भएको छ । प्रविधिको विकासले सैन्य रणनीतिमा समेत निकै धेरै प्रभाव पार्दछ । यसले सेना परिचालनको तरिका र लडाइँको संरचनालाई निकै हेरफेर गरिदिन्छ । यो कुरा आज मात्र भएको भन्ने कदापि होइन। समाज विकासका नयाँनयाँ चरणहरूमा यस्तो हुँदै आइहेको छ। यसर्थ प्रत्येक नयाँ चरणहरूमा लडाइँका पुराना सिद्धान्तहरूमा पुनर्विचार गर्नु आवश्यक भइरहन्छ । नयाँ सिद्धान्तहरू, रणनीति र कार्यनीतिहरूको विकास आवश्यक हुन्छ जुन आजको सन्दर्भमा झन् धेरै आवश्यक छ।

विज्ञानप्रविधिको आजको मुख्य विशेषता भनेको सूचनाप्रविधि र यातायातमा विकास हो। सूचनाप्रविधिको विकासले आजको संसारलाई निकै धेरै संकेन्द्रित गरिदिएको छ । सैन्य रणनीतिमा यसको प्रभाव भनेको गतिमा तीव्रता हो। यसले सैन्य रणनीति र कार्यनीतिहरूमा निकै हेरफेर ल्याइदिएको छ। त्यसैले नै हो गाउँ र सहर तथा विभिन्न इलाकाहरू पहिलेभन्दा झन् एकअर्कामा निकै नजिक भएका छन्। यसर्थ गाउँमा मात्र लड्ने वा सहरमा मात्र लड्ने तरिका, रक्षात्मक रणनीतिमा मात्र लड्ने वा आक्रामक रणनीतिमा मात्र लड्ने तरिका फेर्न जरुरी छ। तर विज्ञानप्रविधिको यो विकासले क्रान्ति असम्भव भयो भन्नुचाहिँ संशोधनवाद हो। आत्मसुरक्षावाद हो। त्यसको भण्डाफोर पनि उत्तिकै जरुरी छ।

**२. बहुध्रुवीय विश्व**

शीतयुद्धको समाप्तिसँगै अमेरिकी नेतृत्वमा सुरु भएको एकध्रुवीय विश्वव्यवस्था आज करिब समाप्त भएको छ। यो विगत जनयुद्धको बेलाभन्दा नितान्तै नयाँ विशेषता हो। आजको विश्व बहुध्रुवमा विभाजित भएको छ। अमेरिका, रुस र चीन विश्व महाशक्तिका तीन प्रमुख प्रतिस्पर्धीहरू हुन् । यसका अलावा युरोपेली युनियन, बेलायत, भारतलगायत मुलुकहरू पनि विश्व-महाशक्तिको होडमा आफूलाई दाबी गर्न उद्यत देश हुन् । यसले विश्वको शक्ति सन्तुलनमा ठूलो हेरफेर गरेको छ। यो बेला सैन्य आक्रमणसहित विश्वयुद्धको सम्भावना नभए पनि साम्राज्यवादी तथा शक्ति राष्ट्रहरूबीचको अन्तरविरोध निकै पेचिलो बन्दै गएको छ। भलै त्यसको स्वरूप भने मूलतः व्यापार युद्ध बन्न गएको छ। यसले हरेक देशमा क्रान्तिको सम्भावनालाई निकट गरिदिएको छ।

**३. पुँजीको चरम एकाधिकार**

आजको विश्व-पुँजीवाद चरम एकाधिकारमा विकसित भएको छ । केही निश्चित धनी व्यक्तिहरू र केही निश्चित धनी संस्था (निगम) हरूले संसारको पुँजी नियन्त्रण र परिचालन गरिरहेका छन् । उनीहरूले नै विश्व-राजनीतिको नेतृत्व गरिरहेका छन् । संसारका जम्मा एक प्रतिशत धनीहरूको स्वामित्वमा संसारभरिकै सम्पत्तिको आधा हिस्सा केन्द्रित भएको छ। यसले गरिबी, बेरोजगारी, भ्रष्टाचार र महँगीलाई निकै तीव्रतर बढाइरहेको छ। विकासोन्मुख देशहरूले यसको चरम मार खेपिरहेका छन् । निगम पुँजीवादको अर्को विशेषता भनेको पुँजी र श्रमको विश्वव्यापीकरण हो । आज विश्वको कुनै पनि धनी व्यक्तिले हरकुनै मुलुकमा सहजै पुँजी लगानी गर्न सक्छ । कुनै पनि देशको श्रमशक्ति हरकुनै देशमा खपत गर्न सम्भव छ। पुँजीको एकाधिकारले आफ्नो प्रगतिशील (प्रतिस्पर्धा) चरित्रलाई उहिल्यै समाप्त बनाइदिएको थियो, बरु आजको चरम एकाधिकारले राष्ट्रिय चरित्रलाई समेत समाप्त पार्दैछ। आजका मजदुरहरू एकै देशमा वा एउटै उद्योगमा केन्द्रित छैनन्। बहुराष्ट्रिय कम्पनीका नाममा एउटै उद्योगका विभिन्न शाखाहरू संसारका कैयौं देशहरूमा खोलिएका छन् । यसले मजदुर आन्दोलनको विगत चरित्रलाई निकै फेरिदिएको छ । मजदुर आन्दोलनलाई विकेन्द्रित गरिदिएको छ। पुँजीको चरम संकेन्द्रण र श्रमको व्यापक विकेन्द्रीकरण आजको विश्व-अर्थव्यवस्थाको मुख्य विशेषता बनेको छ। यसले सर्वहारा क्रान्तिको विगत रणनीतिलाई अपुग बनाइदिएको छ । नयाँ रणनीतिको संश्लेषणलाई अनिवार्य बनाइदिएको छ।

**४. मध्यम वर्गको विस्तार**

मध्यम वर्गको विस्तार आजको विश्वको अर्को विशेषता हो । पुँजीको राष्ट्रिय चरित्र समाप्त हुँदै जाँदा राष्ट्रिय पुँजीपति वर्गको अस्तित्व पनि समाप्त हुँदै गएको छ। एकाधिकारको प्रतिस्पर्धामा पराजित पुँजीपति वर्गको एउटा हिस्सा तथा विज्ञान र प्रविधिको मद्दतमा आफ्नो सीप प्रयोग गरेर केही पुँजी आर्जन गर्न सफल समाजको अर्को हिस्सा मध्यम वर्गको दायरामा केन्द्रित भइरहेको छ । यो वर्गको विकास विश्वव्यापी बढिरहेको छ। तर यो वर्गले आफ्नो अस्तित्व सङ्कटको रक्षा आफैँले गर्न सम्भव भने छैन। आफ्नो अस्तित्व रक्षाका लागि बर्बर एकाधिकारको विरोध गर्नु यसको बाध्यता हो । मजदुर र किसानको अस्तित्वसँग मात्र आफ्नो अस्तित्व सुरक्षित हुने भएकाले यो वर्ग सर्वहारा क्रान्तिको मित्रशक्तिको घेरामा आइपुगेको छ।

**५. राष्ट्रियताको भावना**

विकासोन्मुख देशहरूमा त्यसै पनि राष्ट्रियताको भावना प्रबल नै हुने गर्दछ । साम्राज्यवादी शोषण र उत्पीडनका विरुद्ध विकासोन्मुख देशहरूले राष्ट्रिय मुक्तिको क्रान्ति लड्न अनिवार्य नै हुने गर्दछ । तर साम्राज्यवादी एकाधिकारी गुटहरूबीच तीव्र प्रतिस्पर्धा बढिरहेको बेला विकसित देशहरूमा समेत ‘राष्ट्रवाद’ जन्मिने र जन्माइने गरिन्छ। आफूलाई विकासशील देशको पहिलो पङ्क्तिमा राखेका देशहरूले समेत आज ‘राष्ट्रवाद’ को चर्को नारा उचालिरहेका छन् । जसरी जर्मनीले दोस्रो विश्वयुद्धमा राष्ट्रवादकै नाराले आफूलाई सुदृढ गरेको थियो, त्यसैगरी आजका महाशक्ति राष्ट्रहरू- अमेरिका, रुस र चीनले समेत चर्को राष्ट्रवादको नारा लगाएर आफूलाई सुदृढ गर्नेतिर लागिरहेका छन् । जस्तो कि अमेरिकी राष्ट्रवादको नारा रहेको छ- ‘अमेरिका मेक फर्स्ट अगेन’। चिनियाँहरूको- ‘ लाल चीन’। रसियनहरूको-

‘फरवार्ड रसिया’ । तथाकथित राष्ट्रवादले जातीय र क्षेत्रीय पृथकतावादको समेत जन्म गराउँछ। जातीय र क्षेत्रीय उत्पीडनलाई वर्गसङ्घर्षबाट अलग गरी अतिवादको वृक्षरोपण गर्नु यसको उद्देश्य रहन्छ । इतिहासको कटु अनुभव के रहेको छ भने कथित राष्ट्रवादले फासिवादको जन्म दिन्छ भने सच्चा राष्ट्रवादले स्वाधीनता र स्वतन्त्रता जन्माउँछ। आजको आवश्यकता सच्चा राष्ट्रवादको हो।

**६. मिश्रित सामाजिक बसोबास**

तीव्र सहरीकरण, व्यापारीकरण र श्रमको विश्वव्यापीकरणले संसारभरिको सामाजिक अन्तरघुलनलाई निकै तीव्र बनाइदिएको छ । पुराना सामाजिक सम्बन्धहरू क्रमशः भत्किँदै गएका छन्। नयाँ सामाजिक सम्बन्धहरू स्थापित बन्दै गएका छन् । यो अवस्थाले जातीय र क्षेत्रीय सीमाहरूलाई समेत जबर्जस्ती उखेलेर फ्याँक्दैछ। एक अर्थमा यो एक नयाँ समाजको युग हो । यसो गर्नु विश्व-पुँजीवादको बाध्यता हो । किनकि यसो नगर्ने हो भने साम्राज्यवादले आफ्नो व्यापार र उद्योग टिकाउन पनि सक्दैन । तर अर्कोतिर यो नै यस्तो प्रक्रिया हो जसले विश्व मानव जातिलाई जाति, क्षेत्र र समुदाय विशेष विकेन्द्रित नगरेर वर्गविशेषमा केन्द्रित गरिरहेको छ। वर्गअन्तरविरोध तीव्र बन्नु साम्राज्यवादको पराजय हो । साम्राज्यवादको पराजय सर्वहारा क्रान्तिको विजय हो । अन्ततः साम्यवादको विजय हो।

**एकीकृत जनक्रान्तिका सैन्य विशेषताहरू**

१. जनसङ्घर्ष र फौजी सङ्घर्षबीच तालमेल

जनतालाई क्रान्तिकारी युद्धमा व्यापक सहभागी गराउनु सर्वहारा फौजी रणनीतिको आधारभूत विशेषता हो। तर जनता उति सजिलै सङ्घर्षको मैदानमा उत्रिँदैनन्। त्यसका लागि सर्वहारा क्रान्तिलाई जति सक्यो जनसङ्घर्षका रूपमा सञ्चालन गर्नु आजको महत्वपूर्ण आवश्यकता हो । जनसङ्घर्षको व्यापकता र उच्चता नै फौजी सङ्घर्षको प्रस्थानबिन्दु हो। अतः फौजी सङ्घर्षलाई जनसङ्घर्षका रूपमा सञ्चालन गर्नु र जनसङ्घर्षलाई फौजी सङ्घर्षमा विकास गर्नु एकीकृत सैन्य रणनीतिको विशेषता हो।

**२. उच्च प्रविधि र निम्न प्रविधिबीच तालमेल**

हुनत प्रत्येक नयाँ प्रविधिको विकास सामान्यतः श्रमजीवी वर्ग स्वयम्ले गर्दछ । तर त्यसको स्वामित्व भने उसको हातमा कहिल्यै रहँदैन । किनकि पुँजीपति वर्गले त्यसको ‘पेटेन्ट राइट’ तुरुन्त खरिद गर्दछ र त्यसको स्वामित्व आफ्नो हातमा लिन्छ । त्यसकै परिणाम हो श्रमजीवी वर्गको विद्रोहमा सुरुआतमै उच्च प्रविधि सम्भव हुँदैन। तर आन्दोलनको विकास र उच्चताले त्यसलाई पनि क्रमशः नजिक ल्याउन थाल्छ र एउटा निश्चित बिन्दुमा पुगेपछि श्रमजीवी वर्ग उच्च प्रविधियुक्त बन्दछ । अतः सुरुमै उच्च प्रविधि क्रान्तिको सर्त हुनु हुँदैन । अझ भन्ने हो भने जति सक्यो निम्न प्रविधिबाटै आफूलाई सज्जित गर्नु सर्वहारा सैन्य रणनीतिको बाध्यात्मक अनिवार्यता हुन जान्छ । यसको एउटा निकै सकारात्मक पाटो के हो भने युद्धको आधारभूत पहलकदमी श्रमजीवी वर्गको हातबाट गुम्दैन । अर्कोतिर आम सशस्त्रीकरणलाई समेत यसले सजिलो बनाउँछ। तर क्रान्तिको सुरुदेखि नै उच्च प्रविधिको सम्भावनालाई जोडिराख्नु आवश्यक हुन्छ । यसको महत्वलाई कुनै पनि हालतमा कमजोर गर्नु हुँदैन । विज्ञान र प्रविधिको उच्चतम विकास भइरहेको आजको युगमा उच्च प्रविधिलाई सुरुदेखि नै जोड्न सम्भव पनि छ । अतः निम्न र उच्च प्रविधिबीचको उचित तालमेल सर्वहारा वर्गीय युद्धको आधारभूत विशेषता हो।

**३. मोर्चाबद्ध र छापामार युद्धको तालमेल**

युद्धको सामान्य इतिहासले के बताउँछ भने मानव जातिले लड्ने आधारभूत युद्धको स्वरूप भनेको छापामार र मोर्चाबद्ध युद्ध नै हुन् । यी दुईबीचको अन्तरसम्बन्ध एकदमै अन्योन्याश्रित रहेको छ। यद्यपि लडाइँको निश्चित मैदानमा भने यी दुईमध्ये जब कुनै एक नेतृत्वदायी स्थानमा रहन्छ भने अर्को सहयोगी स्थानमा । तर समग्र युद्धमा यी दुईबीच माटो र ढुङ्गाको जस्तै सम्बन्ध हुन्छ । छापामार युद्धबाट मोर्चाबद्ध युद्धलाई अलग गर्नु र मोर्चाबद्ध युद्धबाट छापामार युद्धलाई अलग गर्नु बिल्कुल असम्भव कुरा हो। जहाँसम्म चलायमान युद्धलाई पनि लडाइँको अर्को एउटा स्वरूप मान्ने गरिन्छ। त्यो यी दुई युद्धको गतिशीलता मात्र हो किनकि मोर्चाबद्ध वा छापामार युद्धमध्ये कुनै एकले अनिवार्य चलायमान युद्धलाई नेतृत्व गरेको हुनुपर्छ । अन्यथा चलायमान युद्ध भन्ने नै रहँदैन।

**४. नियमित र अनियमित सेनाको तालमेल**

आजको युद्ध नियमित सेनाको क्षेत्रमा मात्र सीमित छैन। युद्धको क्षेत्र निकै फराकिलो बनेको छ। यसर्थ यो बृहत् क्षेत्रको मोर्चा केवल नियमित सेनाको पङ्क्तिले मात्र समाल्न असम्भव छ। त्यसका लागि अनियमित सेनाको गठन र परिचालन आजको युद्धको प्रमुख आवश्यकता हो। हुनत विगत युद्धमा पनि विभिन्न प्रकारका अनियमित सेनाहरूको गठन र परिचालन हुने गरेका तमाम इतिहासहरू रहेका छन् तर आजको विश्वमा अनियमित सेनालाई विशेष सङ्गठन र विशेष परिचालनअन्तर्गत समग्र युद्धमा जोड्न अति आवश्यक छ।

**५. पुरानो सुरक्षा निकायमा विघटन**

सामान्यतः युद्ध आफ्नो सेनाले मात्र लडेर जित्न सम्भव हुँदैन । विजयी युद्ध त्यो मात्र हुन सक्छ जसले विपक्षी सेनामा विघटन पैदा गर्न र सके आफ्नो पक्षमा लडाउने क्षमता राख्दछ । सर्वहारा वर्गीय युद्ध आफैँमा त्यस्तो युद्ध हो जसले आफ्ना प्रतिनिधिहरू जता खोज्दा पनि ती सजिलै भेटिन्छन् । पुरानो सत्ता र उसको सुरक्षा संयन्त्रभित्र सर्वहारा वर्गका प्रतिनिधिहरू तमाम रहेका छन्। उनीहरूलाई आफ्नो वर्गप्रति सजग गराउनु कम्युनिस्ट पार्टीको दायित्व हो।

**एकीकृत सैन्य रणनीतिमा आधारइलाकाको प्रश्न**

आधारइलाकाको राजनीतिक परिभाषा भनेको कम्युनिस्ट पार्टीको व्यापक प्रभाव भएका क्षेत्रहरू हुन् । जहाँ कम्युनिस्ट पार्टीले घोषित वा अघोषित आफ्नो सत्ता सञ्चालन गरेको हुन्छ । फौजी दृष्टिबाट विश्लेषण गर्दा आधारइलाका लडाइँको तयारी र विश्रामको स्थान हो । कुनै पनि सेनालाई लडाइँको विजयका लागि राम्रो तयारीको समय चाहिन्छ । लडाइँपश्चात् सेनालाई पुनर्ताजगीका लागि विश्रामको समय चाहिन्छ। तयारी र विश्रामको उचित स्थान नै आधारइलाका अर्थात् रणनीतिक इलाका हो । विगत सर्वहारा वर्गको युद्ध अनुभवलाई हेर्दा चिनियाँ क्रान्तिमा माओले स्थानीय सत्ता सञ्चालन गरेर आफ्नो नियन्त्रणमा राखेका ग्रामीण इलाकाहरूलाई आधारइलाकाका रूपमा परिभाषा गरेको पाइन्छ। लेनिनले मजदुर र किसानका सोभियतहरूलाई युद्धको रणनीतिक अड्डाका रूपमा विकास गरेको पाइन्छ। ती अर्को अर्थमा आधारइलाका नै थिए । यसर्थ चीनको सन्दर्भमा सुदूर गाउँहरू आधारइलाका बनाइए भने रुसमा सहरका मजदुर बस्तीहरू आधारइलाकाका रूपमा रहेका थिए।

माओले आधारइलाका निर्माणका तीनवटा तरिका बताएका छन् : पहिलो, बलियो जनाधार निर्माण गरेर; दोस्रो, दुस्मनका कमजोर इलाका कब्जा गरेर । तेस्रो, दुस्मनबाट विद्रोह गराएर । यस्ताखाले आधारइलाका अर्थात् रणनीतिक इलाकाहरू आज पनि आवश्यक हुन्छन् किनकि हामीले पहिल्यै भनिसक्यौँ- लडाइँको विश्रामका लागि मात्र नभएर लडाइँको तयारीका लागिसमेत रणनीतिक इलाका जरुरी हुन्छ । सहर र गाउँ, पहाड र तराई सबै ठाउँमा रणनीतिक इलाकाहरूको निर्माण सम्भव र आवश्यक छ। आजको सन्दर्भमा गाउँ र पहाडमा मात्र वा सहर र तराईमा मात्र रणनीतिक इलाका निर्माणको एकाङ्गी नीतिले युद्धलाई नचाहेर पनि रूढिवादतिर धकेलिदिन्छ । अतः युद्धको सञ्चालन र परिचालनका लागि निश्चित रणनीतिक इलाकाहरूलाई योजनाबद्ध विकास गर्नु एकीकृत सैन्य रणनीतिको विशेषता हो।

**निष्कर्ष**

मार्क्सवाद आफैँमा बृहत् एकीकरणको सिद्धान्त हो। यो मूलभूत रूपमा भौतिकवाद र द्वन्द्ववादको एकीकरण हो । यो प्रकृति र मानव समाजको एकीकरण हो । यो पदार्थ र चेतनाको एकीकरण हो। यो विज्ञान र दर्शनको एकीकरण हो । यो समाज विकासका क्रममा विकसित विभिन्न क्रान्तिकारी सिद्धान्तहरूको समेत एकीकृत स्वरूप हो। यो राष्ट्रिय मुक्तियुद्ध र सर्वहारा युद्धको एकीकरण हो। अतः आजको युगमा एकीकृत सिद्धान्तलाई जीवनदर्शनका रूपमा लागू गर्नु मार्क्सवादको विकसित आवश्यकता हो। यसर्थ एकीकृत सैन्य रणनीति नेपाली समाजको आमूल रूपान्तरणका लागि एक रचनात्मक सैन्य पहलकदमी हो।

नगरपालिका कार्यालयको अनुरोध

- जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, सम्बन्ध विच्छेद एवम् बसाईसराई जस्ता व्यक्तिगत घटना ३५ दिनभित्रमा दर्ता गराऔं ।
- छोराछोरी दुवैलाई विद्यालय पठाऔं ।
- प्रत्येक घरमा शौचालय बनाई राष्ट्रिय अभियानलाई सहयोग पुऱ्याऔं ।
- विभिन्न स्थानबाट निस्किएका फोहोरमैला तोकिएको स्थानमा राखौं र संकलन गर्न आउने गाडीमा सुरक्षित तरिकाले फालौं ।
- समयमै कर शुल्क भुक्तानी गरौं, विकास निर्माणमा सहभागी बनौं ।
- रुख रोपौं, वातावरण संरक्षण गरौं । निषेधित क्षेत्रबाट ढुंगा, गिटी तथा बालुवा ननिकालौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन निर्माण संहिता नगरपालिकामा नक्सापास गरेर मात्र घर निर्माण गरौं ।

साथै

२०७६ सालको बडादशैं, शुभ-दीपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुमा हार्दिक शुभकामना ।

कर्जन्हा नगरपालिकाको कार्यालय
सिरहा

नगरपालिका कार्यालयको अनुरोध

- जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, सम्बन्ध विच्छेद एवम् बसाईसराई जस्ता व्यक्तिगत घटना ३५ दिनभित्रमा दर्ता गराऔं ।
- छोराछोरी दुवैलाई विद्यालय पठाऔं ।
- प्रत्येक घरमा शौचालय बनाई राष्ट्रिय अभियानलाई सहयोग पुऱ्याऔं ।
- विभिन्न स्थानबाट निस्किएका फोहोरमैला तोकिएको स्थानमा राखौं र संकलन गर्न आउने गाडीमा सुरक्षित तरिकाले फालौं ।
- समयमै कर शुल्क भुक्तानी गरौं, विकास निर्माणमा सहभागी बनौं ।
- रुख रोपौं, वातावरण संरक्षण गरौं । निषेधित क्षेत्रबाट ढुंगा, गिटी तथा बालुवा ननिकालौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन निर्माण संहिता नगरपालिकामा नक्सापास गरेर मात्र घर निर्माण गरौं ।

साथै

२०७६ सालको बडादशैं, शुभ-दीपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुमा हार्दिक शुभकामना ।

गौशाला नगरपालिकाको कार्यालय
महोत्तरी

नगरपालिका कार्यालयको अनुरोध

- जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, सम्बन्ध विच्छेद एवम् बसाईसराई जस्ता व्यक्तिगत घटना ३५ दिनभित्रमा दर्ता गराऔं ।
- छोराछोरी दुवैलाई विद्यालय पठाऔं ।
- प्रत्येक घरमा शौचालय बनाई राष्ट्रिय अभियानलाई सहयोग पुऱ्याऔं ।
- विभिन्न स्थानबाट निस्किएका फोहोरमैला तोकिएको स्थानमा राखौं र संकलन गर्न आउने गाडीमा सुरक्षित तरिकाले फालौं ।
- समयमै कर शुल्क भुक्तानी गरौं, विकास निर्माणमा सहभागी बनौं ।
- रुख रोपौं, वातावरण संरक्षण गरौं । निषेधित क्षेत्रबाट ढुंगा, गिटी तथा बालुवा ननिकालौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन निर्माण संहिता नगरपालिकामा नक्सापास गरेर मात्र घर निर्माण गरौं ।

साथै

२०७६ सालको बडादशैं, शुभ-दीपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुमा हार्दिक शुभकामना ।

बर्दिबास नगरपालिकाको कार्यालय
महोत्तरी

नगरपालिका कार्यालयको अनुरोध

- जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, सम्बन्ध विच्छेद एवम् बसाईसराई जस्ता व्यक्तिगत घटना ३५ दिनभित्रमा दर्ता गराऔं ।
- छोराछोरी दुवैलाई विद्यालय पठाऔं ।
- प्रत्येक घरमा शौचालय बनाई राष्ट्रिय अभियानलाई सहयोग पुऱ्याऔं ।
- विभिन्न स्थानबाट निस्किएका फोहोरमैला तोकिएको स्थानमा राखौं र संकलन गर्न आउने गाडीमा सुरक्षित तरिकाले फालौं ।
- समयमै कर शुल्क भुक्तानी गरौं, विकास निर्माणमा सहभागी बनौं ।
- रुख रोपौं, वातावरण संरक्षण गरौं । निषेधित क्षेत्रबाट ढुंगा, गिटी तथा बालुवा ननिकालौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन निर्माण संहिता नगरपालिकामा नक्सापास गरेर मात्र घर निर्माण गरौं ।

साथै

२०७६ सालको बडादशैं, शुभ-दीपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुमा हार्दिक शुभकामना ।

लालबन्दी नगरपालिकाको कार्यालय
महोत्तरी

नगरपालिका कार्यालयको अनुरोध

- जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, सम्बन्ध विच्छेद एवम् बसाईसराई जस्ता व्यक्तिगत घटना ३५ दिनभित्रमा दर्ता गराऔं ।
- छोराछोरी दुवैलाई विद्यालय पठाऔं ।
- प्रत्येक घरमा शौचालय बनाई राष्ट्रिय अभियानलाई सहयोग पुऱ्याऔं ।
- विभिन्न स्थानबाट निस्किएका फोहोरमैला तोकिएको स्थानमा राखौं र संकलन गर्न आउने गाडीमा सुरक्षित तरिकाले फालौं ।
- समयमै कर शुल्क भुक्तानी गरौं, विकास निर्माणमा सहभागी बनौं ।
- रुख रोपौं, वातावरण संरक्षण गरौं । निषेधित क्षेत्रबाट ढुंगा, गिटी तथा बालुवा ननिकालौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन निर्माण संहिता नगरपालिकामा नक्सापास गरेर मात्र घर निर्माण गरौं ।

साथै

२०७६ सालको बडादशैं, शुभ-दीपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुमा हार्दिक शुभकामना ।

हरिवन नगरपालिकाको कार्यालय
महोत्तरी

## नेकपाका पूर्व केन्द्रीय ...

गम्भीर समस्या उत्पन्न भएपछि लोहनी लामो समयदेखि घरमै आराम गरिरहेका थिए । उनी उपचारमा थिए । उनको स्वास्थ्यमा गम्भीर समस्या देखापरेपछि पार्टीले केन्द्रीय समितिको जिम्मेवारीबाट मुक्त गरेको थियो । उक्त कुरा नेकपाले सोमबार जारी विज्ञप्तिमार्फत जानकारी गराएको थियो ।

## चितवन मेडिकल कलेज ...

विज्ञप्तिमा भनिएको छ, 'हामी यस चितवन मेडिकल कलेजका विद्यार्थीहरू विगत लामो समयदेखि चिकित्सा शिक्षा र स्वास्थ्य सेवालाई सर्वसुलभ, गुणस्तरीय बनाउँदै आमनागरिकको पहुँचमा पुऱ्याउन र सम्पूर्ण स्वास्थ्यकर्मीहरूको उचित पारिश्रमिक, सेवा, सुविधा र सुरक्षाका लागि विभिन्न चरणका सङ्घर्ष गर्दै स्वास्थ्यकर्मीहरूको हकअधिकार सुनिश्चित गर्न निरन्तर रूपमा लागिरहेको सबैलाई अवगत नै छ । हामी विद्यार्थीहरू विभिन्न माग राखी विगत ३ महिनादेखि कलेज प्रशासनविरुद्ध आन्दोलनरत छौँ । यद्यपि मिति २०७६ कात्तिक ३ गते बिरामीको मृत्युलाई लिएर अस्पतालजस्तो संवेदनशील क्षेत्रमा गरिएको तोडफोड, स्वास्थ्यकर्मी र विद्यार्थीमाथि भएको हातपात, गालीगलौज, अश्रुग्यास प्रहारजस्ता सबै अमानवीय र घृणित घटनाको घोर भर्त्सना गर्दछौँ ।'

संयोजक प्रकाशको विज्ञप्तिमा अगाडि भनिएको छ, 'राज्यको न्यायिक निकाय र अस्पताल सञ्चालनको माफियामुखी र भ्रष्टाचारमुखी प्रणालीप्रति नागरिकको अविश्वास र राज्य र अस्पताल प्रशासन दुवै स्वास्थ्यकर्मी र नागरिकप्रति गैरजिम्मेवार बन्दै जानुको परिणामस्वरूप उक्त घटना भएको हो भन्नेमा दुईमत छैन र हुनु हुँदैन । तसर्थ राज्यले सत्यतथ्य छानबिन गरी जोकोही भए पनि कानुनअनुसार दण्डित गरोस् । साथै स्वास्थ्यकर्मीले कहिल्यै पनि बिरामीलाई बचाउनुपर्छ भन्ने सिद्धान्त भुलेको हुँदैन तर कहिलेकहीँ अरू पक्षको कमीकमजोरी पनि स्वास्थ्यकर्मीको टाउकोमा हाल्ने प्रवृत्तिप्रति सचेत रही संयमित भई पीडित पक्षलाई कानुनी प्रक्रियाबाट न्याय खोज्न पनि अनुरोध गर्दछौँ ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'हामी स्वास्थ्यकर्मी र विद्यार्थीको जनधनको रक्षा गरी सुरक्षाको प्रत्याभूति दिलाउने काम राज्य र अस्पताल सञ्चालक समितिको हो । यस्तो खालको असुरक्षाभित्र रहेर कुनै पनि स्वास्थ्यसेवा सम्पादन गर्न हामी असमर्थ हुन्छौँ । तसर्थ हामी स्वास्थ्यकर्मी र विद्यार्थीहरूको सुरक्षा ग्यारेन्टी गर्न सबै सरोकारवाला निकायसमक्ष जोडदार माग गर्छौं ।'

## जनअदालतमा उपस्थित ...

गतेका दिन ढकारी गाउँपालिका वडा नं. २ सावामा हरितालिका तीज कार्यक्रमको दिन लोकेन्द्रबहादुर शाहीको दुःखद् निधन भएको विषयलाई लिएर ऐ ऐ बस्ने चक्रबहादुर शाहीको नाति, मानबहादुर शाहीको छोरा राजबहादुर शाही र ऐ ऐ बस्ने रामबहादुर शाहीको नाति पदम शाहीको छोरा भक्तबहादुर शाहीले मृत्युको खास कारण पत्ता नलगाई र सत्यतथ्य छानबिन नगरी राजनीतिक पूर्वाग्रही षड्यन्त्रपूर्ण ढङ्गले निर्दोष व्यक्ति कविन्द्र शाही, तपेन्द्र शाही र राजेश शाहीलाई फसाउने उद्देश्यका साथ झूट्टा मुद्दा लगाएको भनी उक्त निर्दोष भनिएका व्यक्तिले यही मिति ०७६ भदौ २५ गतेका दिन जिल्ला जनपरिषद् अछामको कार्यालयमा दिएको निवेदनअनुसार घटनाको निष्पक्ष, सत्यतथ्य छानबिन गर्नुपर्ने हुँदा तपाई राजबहादुर शाही र भक्तबहादुर शाहीलाई पत्र प्राप्त भएको १५ दिनभित्र जिल्ला जनपरिषद् अछामको कार्यालयमा अनिवार्य उपस्थितिका लागि यो पत्रमार्फत जानकारी गराइन्छ ।'

प्रमुख शाहीको पत्रको अन्त्यमा भनिएको छ, ' उल्लिखित मितिभित्र उपस्थित नभएको खण्डमा जनपरिषद्को जनअदालतमार्फत आवश्यक कारबाहीको प्रक्रिया अगाडि बढाइने कुरा जानकारी गराइन्छ ।'

## सरकारी दमन ...

निकालेको छ। राजनीतिक रूपले असफल बन्दै गएको सरकार राष्ट्रघात, एनसेलकाण्ड, ठूलो जहाजकाण्ड, सुनकाण्ड, ललिता निवासकाण्ड, चिनीकाण्ड, अनेकौँ हत्याकाण्ड, गोलीकाण्ड, गैरकानुनी गिरफ्तारी जेल-हिरासत, बूढीगण्डकीकाण्ड, बलात्कारकाण्ड, अनगिन्ती भ्रष्टाचार, भूमाफिया, मानवतस्करी, मेडिकल माफिया, कालोबजारीलगायत असत्य अपराधमा चुर्लुम्म डुब्न पुगेको उल्लेख छ । यस्तै सरकारले आफ्नो फासिवादी दमनलाई ढाकछोप गर्न 'वार्ता' को हतियार प्रयोग गरिरहेका सन्दर्भमा पार्टीले षड्यन्त्रपूर्ण वार्ताप्रचारलाई भण्डाफोर गर्ने तर इमानदारीका साथ प्रतिबन्ध हटाएर गिरफ्तार कमरेडहरूलाई छोडेर निःसर्त आएमा सकारात्मक रूपले सोच्ने निर्णय लिएको छ ।

राष्ट्रका जनताले पचाउने हरसङ्घर्षलाई समर्थन गर्ने साथै पुँजीवादी सत्ताका विरुद्ध चलेका सबै क्रान्तिकारी विद्रोहलाई समर्थन गर्ने निर्णय जनाइएको उक्त प्रतिवेदनमा अमेरिकी हस्तक्षेपका कारण इरान, जनवादी गणतन्त्र कोरियामा पैदा भएका तनावको विरोध गर्ने, सिरिया, अफगानिस्तान, इराकमा भइरहेका नरसंहारको विरोध गर्ने, भारतीय साम्राज्यवादले कास्मिरका जनताको विशेष अधिकार खोसेर लादेको भारतीय सर्वसत्ताको विरोध गर्ने साथै अमेरिकाले भेनेजुएलाको सार्वभौमिकता मिचेर चुनाव जितेर आएका राष्ट्रपति मडुरोको सट्टा राष्ट्रपतिको चुनाव नै नलडेका विपक्षी नेता गुएडोलाई दिएको राष्ट्रपतिको मान्यताको विरोध गर्ने निर्णय गरेको छ । अन्तर्राष्ट्रिय परिस्थितिको विश्लेषणमा देशको गम्भीर परिस्थितिबाट फाइदा उठाउँदै अमेरिकाले चीनलाई घेर्ने, भारतलाई दबाबमा राख्न र नेपाललाई सैन्य अखडा बनाउनका लागि अगाडि सारेको हिन्द-प्रशान्त रणनीति देशको सार्वभौमिकता र स्वाधीनताका लागि भयानक भएको निष्कर्ष निकाल्दै उक्त रणनीतिका विरुद्ध आमजनताको बलमा प्रतिरोध गर्नुपर्ने निर्णय बैठकले गरेको छ ।

यस्तै सरकारी संरक्षणमै खडेरीको डडेलोझैँ फैलिँदै गएको लागूपदार्थको व्यापार र सेवन, देहव्यापार र वेश्यावृत्ति, विषालु रक्सीको व्यापार, बलात्कार, लुटपाट, धर्म व्यापारका विरुद्ध सांस्कृतिक एवम् सामाजिक आन्दोलन, सङ्घर्षहरू सञ्चालन आवश्यक रहेको निष्कर्ष नेकपाको बैठकले निकालेको छ । युवापिँढीलाई ध्वस्त पार्दै लगेको लागूपदार्थका विरुद्ध नेपाली प्रकृतिको 'अफिम युद्ध', धर्म परिवर्तनका नाममा देखा परेको धर्म-राजनीतिक हस्तक्षेपका विरुद्ध भौतिकवादी जागरण, साथै सामाजिक सुरक्षा आन्दोलन सञ्चालन गर्ने निर्णय नेकपाले गरेको छ ।

सङ्गठनात्मक रूपले नेपाल कम्युनिस्ट पार्टीको जन्म माओवादी पार्टीको खरानीबाट भएको निष्कर्ष निकाल्दै यसको गठन, पुनर्गठन, शुद्धीकरण र सुदृढीकरण निरन्तर आवश्यक भएको संश्लेषण गरेको छ । सङ्गठनका क्षेत्रमा देखापरेका आत्मसुरक्षावाद, आत्मसमर्पणवाद, समन्वयवाद, अर्थवादका विरुद्ध निर्मम सङ्घर्ष गर्दै हालै सुरु गरिएको पार्टी शुद्धीकरण अभियान वस्तुवादी एवम् वैज्ञानिक भएको, यसले पार्टीलाई सुदृढ, गतिशील, सर्वहारा वर्गीय, जनउत्तरदायी, एकीकृत जनक्रान्तिअनुरूपको पार्टी बनाउन मद्दत गरेको निचोड निकाल्दै यसलाई पार्टीका सम्पूर्ण क्षेत्रहरू तल्ला समिति, जनसेना, जवस, मोर्चा, विभागहरूमा तदारुकताका साथ सञ्चालन गर्ने निर्णय गरेको छ ।

राज्यको नियन्त्रणमा परेको समयमा पार्टी नीतिविपरीत जनतामा गलत समाचार पुग्ने गरी आत्मसमर्पण गर्ने, समन्वय गर्ने र चोचोमोचो मिलाएर निस्किने पीबीएम, सीसीएम, आरबीएम, डीसीएमहरूलाई पार्टीबाट आवश्यक कारबाही गर्ने, आत्मालोचना गराउने र कम्युनिस्ट विधिअनुरूप रूपान्तरण गराउने निर्णय बैठकले गरेको छ ।

त्यसैगरी स्वास्थ्य समस्याका कारण पार्टीको केन्द्रीय समितिमा रहेर काम गर्न कठिनाइ भएकाले आफ्नो अवस्थाले दिएअनुसार देश र जनताको लागि काम गर्नसक्ने अनुमति दिँदै केन्द्रीय सदस्य गुणराज लोहनीलाई केन्द्रीय समितिको जिम्मेवारीबाट बिदा गरेको छ ।

पार्टीको विचार योजनामा कार्यरत रहँदा गिरफ्तार परी हालसम्म जेलमा बन्दी जीवन विताइरहेका सचिवालय सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन', केन्द्रीय सदस्यहरू माइला लामा 'प्रज्वल', वसन्त श्रेष्ठ 'प्रज्वलन', बन्धु चन्द, नवीनलगायत सयौँ नेता-कार्यकर्ताहरूको शीघ्र रिहाइका लागि राजनीतिक एवम् कानुनी सङ्घर्ष सञ्चालन गर्ने निर्णय पनि बैठकले गरेको छ ।

सरकारले पार्टीलाई आर्थिक 'नाकाबन्दी र दमन' गर्ने नीति लिएको विश्लेषण गर्दै पार्टीले त्यसको व्यापक भण्डाफोर गर्दै मैत्रीपूर्ण तरिकाले आमनागरिकबाट स्वेच्छिक आर्थिक सहयोगका लागि चारमहिने आर्थिक अभियान सञ्चालन गर्ने साथै पार्टीका आर्थिक कार्यहरू अगाडि बढाउने गर्ने निर्णय बैठकले गरेको छ ।

यस्तै आफ्नो पार्टीको एकीकृत जनक्रान्तिको कार्यदिशा जनतालाई बुझाउनका लागि आमनागरिकलाई सत्यतथ्य सूचना प्रवाह गर्नका लागि पार्टीका आन्तरिक प्रकाशनहरू जनक्रान्ति, जनसत्ता, दृष्टिकोण आदिलाई सुव्यवस्थित प्रकारले प्रकाशित गर्ने निर्णय बैठकले गरेको छ ।

यस्तै जनतालाई सुदखोर, मिटर ब्याजे, भूमाफिया, मानवतस्कर, ठगहरूले सताइरहेको अवस्थामा जनन्यायालयलाई सक्रिय बनाउने, जनतालाई सुलभ न्याय उपलब्ध गराउने, त्यसैगरी जनताका लागि जनसेवा र जननमुना कार्यलाई पनि निरन्तर अगाडि बढाउने निर्णय गरेको छ । यस्तै सांस्कृतिक क्षेत्रमा देखापरिरहेका अनेकौँ विकृति र विचलनका विरुद्ध जनवादी कलाकारहरूद्वारा जनवादी सांस्कृतिक कार्यक्रम एवम् साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्ने, जनसांस्कृतिक महासङ्घबाट साहित्यिक कार्यक्रम र सामना परिवारलगायत क्षेत्रीय परिवार हरूबाट सांस्कृतिक अभियानहरू सञ्चालन गर्ने निर्णय गरेको छ ।

आउँदो मङ्सिर ८ गते नेपाल कम्युनिस्ट पार्टी पुनर्गठन दिवस भव्यतापूर्वक मनाउनका लागि विभिन्न रचनात्मक कार्यक्रमसहित उत्सव मनाउने साथै माओ दिवस मनाउने निर्णय पनि बैठकले गरेको छ ।

## माधव अधिकारको ...

नेपालमा मानवअधिकारको अवस्था दयनीय बन्दै गएको, राजनीतिक आस्था र विचारका आधारमा गिरफ्तारी र यातना दिएको भन्दै आपत्ति प्रकट गरेका छन् ।

कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष अनुपराज शर्माले मुलुकको मानवअधिकारको अवस्था खराब बनेको भन्दै चिन्ता व्यक्त गरे । जनअधिकार अभियान नेपालको चौथो साधारणसभा तथा मुखपत्र 'आवाज' को विमोचन गर्दै अध्यक्ष शर्माले अहिले पनि पञ्चायतकालीन शैलीजस्तो अवस्था देखिएको टिप्पणी गरे । उनले भने, 'हामीले व्यवस्था त परिवर्तन गऱ्यौँ तर त्यसअनुसार आचरण भयो कि भएन भन्ने मुख्य विषय हो तर म आचरण पुरानै देख्छु ।'

उनले गणतान्त्रिक व्यवस्थामा पनि मानवअधिकार सुरक्षित नभएको भन्दै चिन्ता व्यक्त गरे । उनले यो गणतन्त्र हो कि बन्दुकतन्त्र छुट्याउन गाह्रो भएको टिप्पणीसमेत गरे । उनले भने, 'म असन (काठमाडौँ) मा हुर्क्या-बढ्या मान्छे । एउटा जोक चल्छ- गणतन्त्र कि गनतन्त्र ? गनतन्त्र भनेको बन्दुकले सबैलाई सिध्याउने भनेको हो कि ? गणतन्त्र अर्थात् महादेवका उत्ताउला गणहरूको तन्त्र हो कि ? गन भनेको नेवारीमा कता भन्ने हुन्छ अर्थात् कता गयोतन्त्र हो कि ?' उनले विचार र आस्थाकै आधारमा कसैलाई पनि गिरफ्तार गर्न नहुनेमा जोड दिए ।

कार्यक्रममा जनअधिकार अभियान नेपालका अध्यक्ष वरिष्ठ अधिवक्ता एकराज भण्डारीले विप्लवले भनेको वैज्ञानिक समाजवाद र संसदीय व्यवस्थाबीच किन बहस गर्न नपाउने भन्दै प्रश्न गरे । अधिकारकर्मी भण्डारीले नेपालमा गणतन्त्र स्थापनापछि मानवअधिकारको अवस्थामा झन् सङ्कट आउनु लज्जाको विषय भएको भन्दै राजनीतिक आस्था र विचारका आधारमा गिरफ्तारी र यातना दिनु, सर्वोच्च अदालतको आदेशलाई समेत उल्लङ्घन गर्नु मानवअधिकारको गम्भीर उल्लङ्घन भएको बताए । उनले नेकपाका नेता सुदर्शन, माइला, नवीन, बन्धु, धीरेन्द्राहरूलाई गैरकानुनी थुनामा राखी राज्यले कानुनी राज्यको उपहास गरेको भन्दै आपत्ति प्रकट गरे ।

नेपाली काङ्ग्रेसकी सचेतक पुष्पा भुसालले शान्तिप्रक्रियाले पूर्णता नपाएकाले विप्लवहरूले सङ्घर्ष गर्नुपरेको भन्दै राज्यले राजनीतिक सङ्क्रमणलाई उचित ढङ्गवाट समाधान गर्नुपर्ने धारणा राखिन् । संसद्को कानुन, न्याय तथा मानवअधिकार समितिका सभापति कृष्णभक्त पोखेलले मानवअधिकारको अवस्था गम्भीर बन्दै गएको टिप्पणी गरे । त्यस्तै नेकपा माओवादी केन्द्रका अध्यक्ष गोपाल किराँतीले विप्लव नेतृत्वको नेकपामाथिको प्रतिबन्ध फुकुवा गर्न माग गरे ।

साहित्यकार आहुतिले विचार र आस्थामाथिको प्रतिबन्धले समस्या समाधान नहुने बताए । उनले विचार र आस्थाकै आधारमा देशभर धरपकड गरिएको भन्दै संविधानमा लेखिएको मौलिक हक सुनिश्चित गर्न आग्रह गरे । उनले यो संविधानले जनताका समस्या समाधान गर्न नसक्ने भएकाले पुनः सङ्घर्षमा जानुपर्ने बाध्यता भएको बताए । नागरिक आन्दोलनका अगुवा डा. सुन्दरमणि दीक्षितले सरकारको कार्यशैलीप्रति आपत्ति प्रकट गरे । उनले यत्रो लडेर ल्याएको गणतन्त्रमा ल्याउनेहरू नै पीडित बन्नु परेको टिप्पणी गरे ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष गोविन्द आचार्यले पत्रकारहरूसमेत लडेर ल्याएको गणतन्त्रमै प्रेस तथा वाक्स्वतन्त्रता कुण्ठित भएको भन्दै आश्चर्य व्यक्त गरे । उनले विचार र आस्थाकै आधारमा पत्रकार गिरफ्तार गर्नु आपत्तिजनक भएको बताए । उनले यसको विकल्पमा राम्रो व्यवस्था आउँछ भने त्यसका बारेमा किन छलफल र बहस गर्न नपाउने भन्दै प्रश्न गरे । जनपत्रकार सङ्गठन, नेपालका अध्यक्ष प्रकाश डुम्रेले देशभर विचार र आस्थाका आधारमा आफ्ना सङ्गठनका सदस्यहरू गिरफ्तार गरिएको भन्दै आपत्ति जनाए । उनले समाचार लेखेकै आधारमा पक्राउ गर्ने र सर्वोच्च अदालतको आदेशमा रिहा हुँदा पनि पटकपटक पक्राउ गर्ने गरिएको भन्दै आपत्ति जनाए ।

कार्यक्रममा प्रगतिशील कानुन व्यवसायी सङ्गठनका सचिव कपिलचन्द्र पोखेल, तक्मा केसी, अधिकारकर्मी डा. कपिल श्रेष्ठ, सरला रेग्मी, भवानी खरेललगायतले आआफ्नो धारणा राखेका थिए । कार्यक्रममा देवबहादुर पौडेलले स्वागत र सचिव राम भण्डारीले सञ्चालन गरेका थिए ।



















## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।

२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।

३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।

२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।

३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।**
**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५


निर्देशक : अनिल शर्मा, प्रबन्धनिर्देशक : भीमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, कार्यकारी सम्पादक : प्रकाश डुम्रे, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं